# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

## फागुन पूर्णिमा



पवित्रताको चिन्ह मंगलको फुल

वर्ष- १६ अङ्क- ११ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

## संयुक्त निकायया विमोचन

बुद्ध वचन मुंकातैतःगु अमूल्य धार्मिक ग्रन्थ त्रिपिटक मध्ये सुत्तपिटकया स्वंगूगु "संयुत्त निकाय" नेवा भाषं अनुवाद याना तःगु सफू ललितपुर गाबाहाः त्वाया रत्नाकर महाविहारे छगू झःझःधायक समारोह याना भिक्षु बुद्ध घोष महास्थविरं विमोचनयाना बिज्यात।

उगु समारोहे उगु ग्रन्थया बारे न्ववाना भिक्षु सुदर्शन महास्थविरं धैबिज्यात– श्री डुण्डबहादुर बज्राचार्यं भिक्षुपिसं याय् माःगु ज्यायाना भिक्षु पिनिगु न्हाय् तोत्थुला बिल। जिमित लय्ताः वोथें मछासेनं वो। वसपोलं हानं धैबिज्यात बुद्ध धर्म छगू थज्योगु धर्म खः गुगुकि इतिहासे प्रमाणित जुया च्वंगु दु। उकिं थ्व बुद्ध धर्मयात सर्वमान्यता प्राप्त जुयाच्वंगु दु। पुरातात्विक प्रमाण दुगु धर्म जक सत्य थहरे जुई।

श्री सुवर्ण शाक्यं न्ववाना धैबिज्यात– डुण्डबहादुर छम्ह बज्राचार्य जुयानं पूर्वाग्रह व याननयागु साम्प्रदायिकताया भेदभाव मतसे चक्कंगु नुगलं बुद्धधर्म प्रचारया लक्षतया संयुत्त निकाय थेरवाद अन्तरगतगु बुद्धया शिक्षां जाःगु सफू अनुवादयाना झिगूलाख मछि ध्यबा फुका थःगु हे परिवारं पिकागु थ्व चिकिचा धंगु खँ मखु। वसपोलं धयाबिज्यात्– बुद्ध धर्मया छगू विशेषता खः ईश्वरयात मान्यता मबीगु, तर बुद्धया अनुयायी पिंके बुद्ध धर्मया अध्ययन मगागुलिं शाक्य बज्राचार्य धाःपिं अपोसिनं ईश्वर वादी जुया ज्यायाना च्वंगु खनेदु।

अनुवादक डुण्डबहादुर बज्राचार्यं धैबिज्यात– धर्म अभ्यास याइपिन्त ज्यायखेले दै धैगु मनंतुना संयुक्त निकायया अनुवाद यानागु खः।

अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष भिक्षु कुमार काश्यपया सभापतित्वे जूगु उगु समारोहया मू पाहाँ संघनायक भिक्षु अनिरूद्ध महास्थविरंयाना बिज्यागु खः। श्रीलंका व थाइल्याण्डया राजदूतपिं, उपस्थिति दुगु खः।

**❁ "मेपिनिगु दोष अर्थात् परजनं छ्याः छु मयाः धका सो ज्वीगुया सिनं थःगु दोष व थःमं यानागु व मयानागु स्वय्गु हे अत्युत्तम।"**

**– धम्मपद**

## विषय–सूचि


| | | | |
|---|---|---|---|
| १) विपश्यना ध्यान | २ | ११) भुले ज्वी मत्य | १५ |
| २) अपण्णाक जातक | ४ | १२) सार्थक जीवन | १५ |
| ३) सुकर्म मार्गय् न्ह्याः वनेनु | ५ | १३) को श्रेष्ठ ? | १५ |
| ४) अय्ला | ५ | १४) *बाल कथा–* | |
| ५) त्रिपिटक बाङ्मय चिनारी | | "दानी बालकको कथा" | १६ |
| ( सूत्रपिटक/दीघनिकाय )–७ | ६ | १५) चित्त | १७ |
| ६) वन्दना | ८ | १६) न्यागू नीवरण | १८ |
| ७) संयुक्त निकाय ६ – चौथो भाग | ९ | १७) लँपु थुईकि | २० |
| ८) लुम्बिनीका श्रीबुद्ध र धर्म | ११ | १८) दरसन | २० |
| ९) संसारमा कुन धर्म श्रेष्ठ ? | १२ | १९) धर्मकीर्ति विहार – गतिविधि | २१–२३ |
| १०) आगोको झिल्को | १४ | २०) धर्म प्रचार – समाचार | २३–२४ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**
सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
सम्पादक
**भिक्षुणी वीर्यवती**
प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)
# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY
March 1999

| वर्ष- १६ | अङ्क- ११ | होलिपुन्ही | २०५५ |
|---|---|---|---|




★ चाहे गृहस्थ होस्, चाहे सन्यासि भिक्षु होस्, यदि त्यो कुसंस्कार र कुनियतवाला छ भने उसको मिथ्या आचरणको कारणले कुशल धर्मको मार्गमा लागेको हुनै सक्तैन ।

★★★

★ जति पनि पराधीनता (दासत्व) छ त्यो सबै दुःख हो । सुख त केवल एक स्वाधीनतामा नै छ ।

★ त्यस प्रकारको मनुष्य माटोको नकली कुण्डल जस्तै अथवा सुनले मोडेको ताँबाको टुक्रा जस्तै हो । माथिबाट सुन्दर राम्रो, तर भित्रबाट त्यो महान अशुद्ध हुन्छ ।

Downloaded from http://www.dhamma.digital

# विपश्यना ध्यान

✍ अष्ट शाक्य

२०५५ कार्त्तिक २६ गते ऐतिहासिक नख्खु जेलमा १० दिने विपश्यना ध्यान शिविरको एक ऐतिहासिक प्रयोग हुँदै थियो । एकजना युवा बन्दी आफ्नो साथीलाई यसरी आफ्नो अनुभव सुनाउँदै थिए, 'पहिले विपश्यनामा बसेको भए जेल आइँदैनथ्यो ... जे होस् आएको पनि सार्थक नै भयो ।'

सात वर्षको कैदमा परेका विहार (भारत) निवासी एक बन्दीले आफ्नो अनुभव यसरी सुनाए 'पहिलो चार दिनसम्म त खासै अनुभव भएन, तर चौथो दिनदेखि गाऱ्हो भएकोले विपश्यना गर्न छाडिदिउँ जस्तो लाग्थ्यो । तर, बेलुकी हुने प्रवचन सुन्दा ध्यान पूरा नै गर्छु भन्ने अठोट आउँथ्यो । यसरी विपश्यना गर्दै जाँदा आफ्नो भित्रको विकार निस्कँदै गयो र नवौं दिनमा अत्यन्त आनन्द र शान्तिको अनुभव भयो । अब विपश्यनामा बस्ने हरेक मौकाको उपयोग गर्नेछु, यहाँबाट बाहिर गएपछि पनि निरन्तर रुपमा विपश्यनाको अभ्यास जारी राख्नेछु । बाहिर गएर नराम्रो मानिसहरूको संगत गर्नेवाला छैन । ... बिग्रेको मान्छे जेलमा सप्रनको लागि आउने भएकाले हरेक महिनामा एउटा दश दिनको शिविर जेलभित्र हुनैपर्छ ।'

ललितपुर निवासी एम.ए., एलएलबी उत्तीर्ण गरिसकेको एक बन्दीले आफूलाई चलाख अपराधीको रुपमा परिचय दिंदै आफूले गरेका अपराधहरूमध्ये एक प्रतिशत मात्र प्रहरीले थाहा पाउन सकेको बताए । उनले आफ्नो अनुभव सुनाउँदै भने- 'म जस्तो नराम्रो मान्छे यी बीसजनामा अरू छैनन् होला, अब विपश्यना गरिसकेपछि मेरो आँखा खुलेको छ । आफूले विगतमा जे गरें त्यो गर्नै नहुने रहेछ । ... जेलमै परे पनि विपश्यना गर्न पाएकोमा आफूलाई भाग्यमानी ठानेको छु ।" मन्त्रीहरू, प्रशासकहरू, प्रहरीहरू, व्यापारीहरू सबैले विपश्यना गऱ्यो भने मात्रै हाम्रो देश सुध्रिन्छ जस्तो लाग्छ भन्ने आफूलाई लागेको कुरा पनि उनले सुनाए । विपश्यनाको अभ्यास गर्दै जाने हो भने आफूबाट अब अरू अपराध नहुने विश्वास पनि उनले व्यक्त गरे । तपाइँ जस्तो शिक्षित व्यक्तिलाई यो गर्नुहुन्न भनेर थाहा थिएन भन्दा उनको जवाफ यस्तो थियो- 'थाहा थियो तर गरिन्थ्यो । किनभने मनमाथि नियन्त्रण हुँदैनथ्यो । विपश्यनामा बसेपछि अब मेरो मन नियन्त्रित भयो, यति साऱ्हो नियन्त्रित भयो कि अब कसैले मेरो हात काटेर लग्यो भने पनि म रिसाउने छैन । यो नै विपश्यनाबाट मैले पाएको सबभन्दा ठूलो फाइदा हो । आफ्नो ठूलो दुश्मनलाई जेलबाट निस्केपछि यसो गर्छु उसो गर्छु भन्ने थियो मनभित्र तर अब त्यो पनि हरायो ।' दश दिने ध्यानको अवसरमा सबभन्दा बढी कुन समस्याले पिरोल्यो भनेर सोध्दा खुट्टाको दुखाई भनेर जवाफ दिंदै उनले भने- 'ध्यानै गर्ने हो, पलेंटी कसेर बस्नुभन्दा म मेचमा बसेर गर्न चाहन्छु भन्दा मलाई अनुमति दिइएन । पछि आफैं कुरो बुझें मेचमा बस्दा, सोफामा बस्दा मन अल्छि हुँदोरहेछ र अल्छि मनले ध्यान नहुँदो रहेछ ।'

कुटपिट मुद्दामा परी थुनामा परेका वीरगन्ज घर बताउने एकजना २० वर्षीय बन्दीले विपश्यना गरिसकेपछि 'खराब संगतले नै आफूलाई बिगारेको' भन्ने बोध भएकाले अब आइन्दा खराब मानिसहरूसँग संगत नगर्ने दृढता व्यक्त गरे ।

रूकुम घर हुने पाँच वर्ष कैदको सजाय पाएका एक प्रौढ बन्दीले आफ्नो अनुभव यसरी पोखे 'चित्त विकृति भएको कुनै मानिस नेता भइदियो भने त त्यसैले देश, जनता सबैको हानि-नोक्सानी गरिदिन्छ । बाहिर बाट देख्न पनि नसकिने, चिन्न पनि नसकिने चित्त विकृतिजस्तो खतरनाक चीजलाई विपश्यनाले कसरी निकाल्दो रहेछ' भन्ने आफैले अनुभव गरें । यो ध्यान दुई - चार दिनमात्रै अनुभव गर्ने कुरा होइन, पूरा जीवनभरि उपयोग गर्दै जानुपर्ने जस्तो लाग्यो मलाई । मनमा उठ्ने विकारहरू थाहै नपाएर हामीले कसरी आवेशमा आएर आफ्नो र अरूको पनि हानि हुने काम गरिरहेछौं भन्ने कुरा पनि बुझियो । बुद्धले यही विपश्यनाको आधारमा बुद्धत्व प्राप्त गर्नुभएको रहेछ भन्ने पनि थाहा भयो ।' विपश्यना खास कति उमेरमा पुगेपछि गर्नुपर्छ भन्ने लाग्छ भन्ने प्रश्नको उत्तरमा २५/३० वर्षको उमेरदेखि नै विपश्यना सुरू गर्नुपर्छ, त्यसैले हरेक क्याम्पस, युनिभर्सिटीहरूमा विपश्यना पनि अनिवार्य रूपमा सिकाउनुपर्छ भन्ने धारणा सुनाए । समाजलाई केही भन्नु



Downloaded from http://www.dhamma.digital

छ कि भन्ने प्रश्नमा उहाँको अभिव्यक्ति यस्तो थियो- 'कुनचाहिँ मानिसलाई जेलमा हालेर सुध्रिएको छ ? चोरलाई यहाँ थुनिसकेर बाहिर गएपछि चोर्दैनन् भन्ने त छँदै छैन । यहाँ दशौंपटक चोरी गरेर आएका मानिसहरू छन् । तिनीहरूलाई विपश्यना सिकाएको भए बरू सुध्रिन्थे । जेलमा थुन्नुको उद्देश्य नै असफल भएको छ । दश दिने विपश्यनामा बस्ने क्रममा के-के अप्ठ्याराहरू आइपरे भन्ने जिज्ञासा राख्दा उनले भने, 'छाडा मन भएका हामीहरूलाई एक-दुई घण्टा लगातार बस्नु भनेको साऱ्है गाऱ्हो हुँदोरहेछ ।

काठमाडौंस्थित एक गैरसरकारी संस्थामा कार्यरत रही रकम हिनामिना सम्बन्धी अभियोगमा थुनामा परेका दिल्ली (भारत) निवासी बन्दीले जेलको नियमभन्दा विपश्यनाको नियम कडा भएको अनुभव सुनाउँदै आफ्नो अनुभव यसरी पोखे 'मेरा सिनियरहरूले पनि रकम हिनामिना गरेका थिए । तर, उनीहरूले नै मलाई थुन्न लगाए । त्यसैले उनीहरूसँग बदला लिन्छु भनेको थिएँ । तर, विपश्यनाले मेरो सोचाई नै बदली दियो । अब मैले बुझेको छु- संसारमा सबै चीज परिवर्तनशील छ । मेरो यो अवस्थामा पनि परिवर्तन आउनेछ । मेरो परिवारका बारेमा म धेरै चिन्तित रहन्थें, मेरो मनमा सधैं कुराहरू खेलिरहन्थे । तर, अब मनमा शान्ति भएको छ । ... दिनमा ४० खिल्ली चुरोट तान्नुपर्ने मलाई विपश्यनामा बसेदेखिन चुरोटको तलतल लाग्न एकदम छोडेको छ । विपश्यनाबाट मेरो धेरै कल्याण भएको महसुस गरेको छु ।

बन्दीहरूले पोखेका यसप्रकारका अनुभूतिहरूले नेपालको सन्दर्भमा कारागारमा गरिएको यो सर्वथा नौलो प्रयोग वास्तवमा नै सफल भएको पुष्टि भएको छ । सामुदायिक उपचार केन्द्र (सी.आर.सी) को विशेष अगुवाईमा गृहमन्त्रालय, नख्खु जेल प्रशासन र नेपाल विपश्यना केन्द्रको संयुक्त प्रयासमा गत कार्त्तिक २७ गते सम्पन्न भएको दशदिने विपश्यना ध्यान शिविरमा जम्मा २० जवान बन्दीहरू सहभागी भएका थिए भने नेपाल विपश्यना केन्द्रका तर्फबाट श्री बोधिबज्र बज्राचार्य आचार्यको रूपमा र श्री प्रकाश मानन्धर तथा श्री दयाराम श्रेष्ठ धर्मसेवक (स्वयंसेवक) को रूपमा शिविरकालभरि विपश्यनाको नियमअनुसार जेलभित्र नै बसी शिविर संचालन गर्नुभएको थियो । सामुदायिक उपचार केन्द्रका निर्देशक श्री गोपालमान श्रेष्ठज्यूले यो शिविरले बन्दीहरूलाई स्वस्थ चिन्तनको विकास गरी आफ्नो र अरूहरूको भलाइ हुने काममा लाग्न प्रेरणा दिने कुरामा आफू विश्वस्त रहेको सुनाउनुभयौं ।

अपराध कर्ममा लागेका ब्यक्तिहरूबाट हुन सक्ने प्रहारबाट समाजलाई बचाउन, अपराधीहरूमा आफूले गर्न नहुने काम गरिएछ भन्ने पश्चातापको भावना जागृत गराई अपराधी प्रवृत्तिबाट विमुख गराउन र उनीहरूमा नयाँ स्वस्थ चिन्तनको वीजारोपण गरी असल नागरिकको रूपमा जीवन यापन गर्न सक्षम तुल्याउने सुधार गृहसमेतको रूपमा जेललाई लिइनुपर्छ भन्ने कुरामा दुईमत हुन सक्दैन । जेलबाट सजाय भोगेर निस्कने व्यक्तिहरूबाट झन गम्भीर प्रकृतिका अपराध हुनु र उनीहरू जेलमा पुन: फर्कने क्रम जारी हुनुबाट हामीले अपेक्षा गरेअनुसार नतिजा निस्कीरहेको छैन भनेर ठोकुवा गर्न करै लाग्छ । यसैको पृष्ठभूमिमा बन्दीहरूमा विपश्यना ध्यानको प्रयोगलाई हेरिनुपर्छ । यसबाट परेका प्रभावहरूको अध्ययन र व्यापक चर्चा परिचर्चा भएमा कारागारलाई सुधार गृहको रूपमा रूपान्तर गर्ने अभियानमा थप बल मिल्ने स्पष्ट छ । ■

**साभार : "कान्तिपुर" दैनिक - शनिवार ९, माघ २०५५**






Downloaded from http://www.dhamma.digital

*धेरै पहिले पनि छापिसकेको भएपनि फेरि अनुरोध आएकोले छापिन लागेको हो । (सम्पादक)*

# अपण्णक जातक

✍ प्रकाश वज्राचार्य

त्यस ब्यापारीको मन अलि चंचल थिए । औधि खुशी थिए ऊ । आफ्नो पछि-पछि पाँच शय गाडाहरू सहित आइरहेका ब्यापारीहरू हेरी एकचोटी फिसिक्क हाँसे ऊ ।

उसले टाउको माथिको आकाश एकचोटी हेरे । आकाश सफा थियो । पानी पर्ने छाँट अलिकति पनि थिएन । शीतल हावा सिरिसिरि बहिरहेकोले उनीहरूलाई गर्मी पटक्कै भएको थिएन । त्यो बाटो उनीहरूको लागि नयाँ नै थियो । टाउको घुमाई दायाँ बायाँतिर हेरे । कोही पनि देखिदैनथ्यो । पछाडि हेरे– आफ्नै पाँच सय ब्यापारी साथीहरू मात्र । त्यो भन्दा पनि पछाडि उनीहरूले भर्खरै पार गरेर आएको सुनसान हरियो जंगल थियो । उसले सम्झन थाल्यो– त्यस जंगलमा हरिया घाँस किसिम किसिमका फलफूलहरू राम्रा राम्रा सुगन्धित फूलहरू अहिले उनीहरूका अगाडि साना-साना झारहरू, कन्दमूलहरू छन् । कन्दमूलहरू प्रशस्त हुनाले खानाको धन्दा उनीहरूलाई थिएन; चाहिने जति पानी गाडामा राखेर ल्याएको थिए ।

"म नै यस बाटोबाट पहिला आएको असल भयो ।" – त्यत्रो लामो सुनसान बाटोबाट आइराख्ने पाँच शय ब्यापारीहरूको नाइकेले विचार गर्‍यो– "नभए हाम्रै नगरको अर्को ब्यापारी यही बाटो गरी आउन लागेको त हो नि । उनको समूह पहिला आएको भए यो बाटो बिगारी सक्थ्यो होला, वा गोरुहरूलाई घाँस खान पुग्दैनथ्यो होला त्यो पनि नभए फलफूलहरू सबै खाइसक्यो होला ... जे भएता पनि एउटा न एउटा त सिध्याइसक्थ्यो होला तिनीहरूले । उनीहरूभन्दा अगाडि हामीहरू यो बाटो आएको धेरै राम्रो भयो । अब उनीहरूभन्दा हामीहरू चाँडै अपरान्त देश (वर्तमान दक्षिण-पश्चिमी भारत) पुग्ने भइहाल्यो क्यारे । त्यहाँ गएर आफूले एकलौटी गरेर भाँडाकुँडाहरू बेचेर सक्ने जति धन कमाएर ल्याउँछु म । उनीहरूभन्दा पछाडि आएको भए यसो गर्न पाइन्थ्यो र मैले ? पाइँदैनथ्यो । साँच्चै त म बुद्धिमान हुँ; नत्रभने उनीहरूलाई "तिमीहरू पछि आऊ, हामीहरू अगाडि जान्छौं" भन्ने बुद्धि आउँथ्यो मलाई ? श्याबास ..."

"कहाँ जान लागेको दाजु ?" कोही एकजनाले सोधेको स्वरले आफ्नो विचारमा पौडी खेल्दै आइरहेको ब्यापारीहरूको नाइके तर्सियो । उनले देखे– उनीहरूको अगाडिबाट आइरहेका दशजना जति मान्छेहरू ! उनीहरूको शरीर पनि भिजेको थियो; लुगा पनि भिजेको थियो । कमलको फूलका मुट्ठाहरू हातमा लिइराखेका थिए । ठाउँ-ठाउँमा हिलो भएको रथमाथि बसेको थियो ।

ब्यापारीहरूको नाइकेले उत्तर दियो– "हामीहरू बनारसबाट आएका हौं; अपरान्ह देशमा ब्यापार गर्न जान लागिरहेका छौं । तर दाजु, तपाईंहरूको शरीर कसरी भिजेको ?"

"साथी ! हामीहरू जुन बाटोबाट आयौं त्यहाँ धेरै पानी परिरहेको छ । ठाउँ-ठाउँमा पोखरीहरू छन् । तपाई देख्नु हुन्न कमलका फूलहरू टिपी ल्याएकाछौं हामीहरूले । अरे, कसो तपाईले त गाडाका गाडा पानी ल्याउनु भएको रहेछ । किन गर्‍हौं हुने गरी पानी लानु परेको ? तपाई जान लाग्नु भएको बाटोमा, मैले भनिनै सकें, बेस्सरी पानी परिराखेको छ, पानीको दुःख छैन । मेरो कुरा मान्नु हुन्छ भने फुटालिदिनुस् पानीका गाग्रीहरू । बेकारमा झंझट हुने गरी पानी किन लाने ? छिटो पनि पुगिन्छ ।" बटुवाले कुरा सम्झाइदियो । अनि आफ्नो बाटो लागे ।

× × ×

डेढ महिना जति पछि । पाँच शय ब्यापारीहरूको समूह त्यही बाटो आए । आश्चर्यको कुरा, उनीहरूले पनि ती नै दश जना जति शरीर रूझेका मान्छेहरू भेटे । उनीहरूले ब्यापारीहरूको नाइकेलाई सुनाए, "हामीहरूको कुरा सुन्छौं भने, ब्यापारी दाजु, सबै पानी यहिं नै फ्याँकिदेऊ, अगाडि चाहिने जति पानी छ, धेरै पानी परिरहेको छ ।"

"धन्यवाद साथीहरू ! तर अर्को पानी नदेखुन्जेल हामीहरूले ल्याएका गाग्रीहरू फाल्ने छैनौं हामी ।" – ब्यापारीहरूको नाइकेले जवाफ दियो । जति भन्दापनि



Downloaded from http://www.dhamma.digital

नमानेकोले ती लुगा भिजेका मान्छेहरू खुरूखुरू आफ्नो बाटो लागे । तिनीहरू गइसकेपछि एउटा ब्यापारीले नाइकेसँग सोधे– "उनीहरूले भनेको ठीक छ नि । किन गर्‍हौं हुने गरी पानी लगिराख्ने ?"

नाइकेले सोध्यो– "साथीहरू, आकाशमा कतै पनि बादल छैन । न कतै मेघ गर्जेको सुनिन्छ न बिजुली चम्केको देखिन्छ । न त हावानै चिसो छ । के साथीहरूले हेर्दा अगाडि पानी परिरहेको छ भने यस्तो होला ? त्यसैले उनीहरूले भनेको मलाई पत्यार लाग्दैन ।"

ब्यापारीहरू सबैले 'हो' भने जस्तै टाउको हल्लाए । चार-पाँच घण्टा पछि एक ठाउँमा उनीहरूले पाँचशय मान्छेहरूको कंकाल यताउता परिराखेको देखे । जता हेरे पनि कंकालै कंकाल मात्र । ब्यापारीहरूको नाइकेले अनि साथीहरूलाई भने– "हेर साथीहरू, यहाँ त्यसै परिराखेका रथहरू हेर्दा यी मर्नेहरू सबै हामीहरूभन्दा अगाडि आएका ब्यापारीहरू हुनु पर्दछ । हाम्रो बनारसमै हामीहरूलाई "तिमीहरू पछि आऊ, हामीहरू अगाडि जान्छौं" भनेर डेढ महिना जति पहिले आउने ब्यापारीहरू हुन् यिनीहरू । हामीहरू दुइटै समूहसँगै आयौं भने खाना र पानीको समस्या होला भनेर यिनीहरूलाई पहिले पठाइदिएका थियौं । पक्कै पनि अघिका लुगा भिजेकाहरू राक्षसहरू हुनु पर्दछ । ती राक्षसहरूकै कुरा सुनेर यी मूर्खहरूले सबै पानी बाटोमै फालेर आए होलान् । अनि यहाँ पुगे पछि पानी खान नपाएर कमजोर भएकाहरूलाई ती नै राक्षसहरू आएर खाइदिए होलान् । त्यसैले साथीहरू अरूहरूले भन्ने बित्तिकै आँखा चिम्लेर पत्यार गर्नु राम्रो कुरा होइन ।"

ती ब्यापारीहरू पालैपालो गरी सुतेर त्यहिं रात बिताए । भोलिपल्ट अपरान्त देशमा गएर चाहिने जति दाम लिएर भाँडाकुँडाहरू बेच्न पाइने भइहाले तिनीहरूले ।

× × ×

यो पहिलो जातक कथा बुद्धले बुद्ध शासन छोडेर जाने पाँचशय तिर्थंकरहरूलाई सम्झाउन सुनाउनु भएको हो । यसमा पानी नफाल्ने, पछिल्लो ब्यापारी नाइके बोधिसत्व हो ।

# सुकर्म मार्गय् न्ह्याः वनेनु

✍ भरतराज चित्रकार

मनूया भावना मनूनं हे मथूपिं झीपिं
मेपिं प्राणीया भावना थुइगु नं गथे ?
धर्मया ख्वा:पा: ख्वालय् जक पुया:
मूर्तिई पूजा याना जक पुण्य दैइगु नं गथे ?

मने वैरभाव तया न्ह्यू ख्वा: जक क्यना:
खुसी व सुखी धैइगु झीके दैइगु नं गथे ?
अन्याय व अत्याचार यानाज्वी सदां हे
अले, शान्तिया किच: धैगु झीके दैइगु नं गथे ?

थ:गु क्रोधयात थम्हं हे त्याके मफुपिं झीपिं
रोग जुइगु ज्या याना, निरोगीया कामना याना जक जीला ?
कतपिन्त क्वत्यला थ: लय्ताइपिं झीपिं
सकसितं दु:ख बिया: झीत जय् जुइला ?

धर्मात्मा धायका: नां जक थ्वयकीपिं झीपिं
जाकिईं पूजा याना जक धर्म जुइला ?
स्वार्थया नितिं हत्या याई झीसं ल्वहंया मूर्तिई
निर्दोषी प्राणीपिन्त ख्वय्का: चो: लय्ताइला ?

अय्जुगुलिं, धर्मया मर्म थुइका: झी सकलें
आ: कुकर्म याय्गु ज्या सदां त्व:ता वनेनु
मनं, वचनं व शरीरं सुयात नं कष्ट मयासे
सुकर्म याना सदां झी आ: न्ह्या:वनेनु ।

# अय्ला

✍ ज्ञानरत्न शाक्य, पलाती

यो पुता अय्ला गुलु
मखुगु थासय् छ वनीन उल्लु

आ: जुत्तले ला:नि
छं पासा थें छ मजूनि

ख्वा: हाकुसे च्वना वंसां
वँचुसे ला मच्वंनि

छंगु बानी त्वालं मस्यूनि
छं जहान व मचातय् ख्वबि महा:नि

उकिं तोताब्यु पुता अय्ला: थनिंनिसें
थ:गु आचरण भिंका यंकि थ: जहान मचातय् लागि ।



Downloaded from http://www.dhamma.digital

# त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक/दीघनिकाय)-७

✍ कोण्डन्य, संघाराम

## केवट्ट-सुत्त (क/११)

त्रिपिटक अन्तर्गत दीघनिकायको शील लक्षण वर्गको एघारौं सूत्र हो- 'केवट्ट-सुत्त' । भगवान् बुद्ध नालन्दास्थित पावारिक आम्रवनमा विराजमानावस्था, केवट्ट नामक एक गृहपतिले कुनै एक भिक्षुलाई अलौकिक ऋद्धि (उत्तरीय मनुष्यधर्म, ऋद्धि प्रातिहार्य) प्रदर्शनार्थ आज्ञा बक्स हुनुपऱ्यो भनी बुद्ध समक्ष प्रार्थना गर्छ । बुद्धले सोझै अस्वीकार गरिदिन्छ । ऋद्धि प्रदर्शनलाई गान्धारी वा मणिका (आँखा छल्ने सर्कस जस्तो) विद्या प्रदर्शनको रूपमा मात्र मानिसहरूले बुझ्ने र जान्ने गर्छन् भनी त्यस किसिमको दोषबाट मुक्तहुन बुद्धले ऋद्धिप्रातिहार्यलाई निषिद्ध गरेका हुन्, प्रदर्शनार्थ अनुमति नदिएको हो । ऋद्धि प्रातिहार्य, आदेशना प्रातिहार्य तथा अनुशासनी प्रातिहार्य गरी तीन प्रातिहार्यहरूमध्ये आदेशना र अनुशासनी (अनुशासन रूपी चमत्कार) प्रातिहार्यले धेरै कार्य गर्न सक्ने र चमत्कारिक परिणाम प्रस्फुटन हुने हुन्छ ।

बुद्धले कोही एक भिक्षुको बारे कुरा उठाउँछ, जसले ऋद्धिबल प्रयोग गरी देवताहरूकहाँ गएर- 'चार महाभूत (पृथ्वी, जल, तेज र वायु) कहाँ अशेष भई निरूद्ध हुन्छ ?' भनी प्रश्न तेर्साउँछ । सन्तोषजनक जवाफ प्राप्त हुँदैन, स्वयं ब्रह्मा नै यसबारे अनभिज्ञ भएको हुँदा आखिर उक्त प्रश्न बुद्ध समक्ष पुग्छ । बुद्धले उक्त भिक्षुको क्रिया ठीक नभएको, प्रश्न नै गलत भएको औल्याउँदै भत्सर्ना गर्दै- 'कहाँ पृथ्वी, जल, तेज र वायु हुँदैन, कहाँ दीर्घ र ऱ्हस्व, सूक्ष्म (अणु) र मोटा (स्थूल), शुभ र अशुभ अनि यसरी नै नाम र रूप निरूद्ध (हराएर जाने) हुन्छ ?' भनी सोधिनु पर्दछ भनी विज्ञान (पञ्चस्कन्धको एक अंग) को निरोध भएपछि चार महाभूत निरोध हुन्छ, विज्ञान शान्त भएपछि नाम-रूप शान्त भएर जाने विचार यस सूत्रमा उल्लेख भएको पाउन सकिन्छ ।

## लोहिच्च सुत्त (क/१२)

कोशल देशको सालवतिका नदीको तीरमा (तट) बुद्धसँग लोहिच्च (लौहित्य) को संवाद यस सूत्रमा उल्लेख भइराखेको छ । रोसिका नामक एक दासी मार्फत बुद्धलाई निमन्त्रणा पठाउँछ, रोसिकाले लोहिच्चको गलत धारणा (मिथ्यादृष्टि) बुद्ध समक्ष यसरी प्रकट गर्छिन्- 'सबै धर्म र धर्माचार्यहरू झूठ हुन् । श्रमण-ब्राह्मणहरूले आफूसँग भएको धर्म, आफूहरूलाई थाहा भएको कुरा अरू-अर्कालाई भन्नु हुँदैन, बताउँदै हिंड्नु बेकार हो, भन्दै हिंडेपनि कुनै प्रभाव (सहयोग) पर्दैन ।'

'आफूमात्रै खाउँ, आफूमात्रै लाउँ, आफैमा मात्र सत्य सीमित राखुँ, सत्यको साक्षात्कार विना उपदेश अनर्थ र प्रभावहीन हुन्छ, ज्ञानप्राप्तिको सुअवसर सबैलाई प्राप्त हुनुपर्ने' भन्ने बारेमा बुद्धले उपदेश दिंदै जान्छ, लोहिच्चको धारणा सही बाटोमा तानिंदै (सीधा) जान्छ अन्तमा उपासकत्व स्वीकार्छ ।

## तेविज्ज-सुत्त (क/१३)

बुद्ध कोशल राज्यको मनसाकट गाउँको उत्तर तिर अवस्थित अचिरवती (राप्ती) नदिको तीरमा विराजमानावस्थामा देशित सूत्र हो- यो । मनसाकट गाउँ बुद्धकालीन प्रसिद्ध ब्राह्मणहरू चङ्की, तारूक्ष, पुष्करसाति, जानुश्रोणी, भारद्वाजका बीचमा ब्रह्मलोक प्राप्तिका विवादास्पद मार्गका बारे ठूलो विवाद श्रृजना हुन्छ, उक्त समस्याको समाधानार्थ बुद्धसमक्ष जाने निर्णय गर्छन् ।

बुद्धले वेदका रचयिताका रूपमा चिनिने अष्टक, बामदेव, विश्वामित्र, यमदाग्नि, अङ्गिरस, भारद्वाज, वाशिष्ठ, काश्यप तथा भृगु यी दशजना ऋषिमुनिहरूका बारे कुरा उठाई यिनीहरू पनि ब्रह्माको सलोकताको मार्ग बारे केही थाहा नभएको, ब्रह्माको सहवासमा गमन गर्न जाने मार्ग यही हो भनेर प्रतिपादन गर्नेहरू मध्येमा न त्रैविद्यब्राह्मणहरूले ब्रह्मा देखे, न कोही आचार्य-प्राचार्य भन्नेहरूले नै ब्रह्मालाई देखे, अझ त्रैविद्य ब्राह्मणहरूका पूर्वज ऋषिहरूमा समेत ब्रह्मा सम्बन्धी ज्ञान नभएको कुरा देशना गर्दै लग्छ । उनीहरूलाई कुरा बुझाइदिन- 'हामीले देखेका छौं, थाहा पाएका छौं- ब्रह्मा कहाँ छ, कस-कहाँ छ भनी न त दावीका साथ भन्न सकेकै छ । यसरी ब्रह्माकहाँ जाने मार्ग यही हो भनी उपदेश दिने योग्यता उनीहरूमा छैन, उनीहरूले यस विषयमा बोल्दै हिंडे तापनि प्रमाण रहित र सत्यताबाट धेरै पर (अपरोक्ष अनुभूति) हावादारी कुरा



Downloaded from http://www.dhamma.digital

मात्र हुनसक्छ ।" भनी बुद्धले स्पष्ट पार्न केही उपमा (तुलना) बताउँदै लान्छ ।

आफूहरूले नै केही थाहा नपाइकन कुरागर्दै हिंड्नेहरूको तुलना अन्धवेणु परम्पराका अन्धाहरूको उपमा दिँदै न पहिलेका, न बीचका वा न पछिकाहरूले नै यथार्थ मार्ग देख्ने हो, त्यसरी नै देख्ने नदेखेको सुन्दरी जनपदकल्याणीलाई प्रेम गर्छु भन्दै एकोहोरो प्रेम गर्ने प्रेमीको प्रेम वास्तविकतामा परिणत हुन नसकिने, परन्तु एकोहोरोपनले भरिएको बौलापनाले युक्त प्रेम जस्तै मात्र हुने, यसरी नै कहाँको निम्ति र कति लम्वाइ-चौडाइ-उचाइ भन्ने कुरा नै थाहा नपाएको सिकर्मीले निर्माण गरीराखेको सिंढी (भऱ्याङ्ग) को कुरा जस्तै हो । कागले पानी पिउन सक्ने जति गहिराइ भएको अचिरवती नदी पार गरेर जानुपर्ने मानिसले उक्त नदीको तीरमा आइपुगेर उसले वारीमा बसेर पारीको तीरलाई बोलाइ (आह्वान) - 'हे पारीको किनारा तिमी यता आऊ !" भन्दा पनि, जतिसुकै आह्वान गरेतापनि, आयाचन गरेतापनि, प्रार्थना गरेतापनि, अभिनन्दन गरी जतिसुकै गुणवर्णन नै गर्दै बसेतापनि नदीको पारी किनारा त्यसै कहिल्यै पनि यता वारीमा आइपुग्छ भन्नु जसरी संभव नै नभएको कुरा हो त्यसरी नै 'इन्दमवह्यम' वा इन्द्रलाई बोलाउँदै छु भन्दै सोम, वरण, इसान, प्रजापति, ब्रह्मा, महेन्द्र, यम आदि जसलाई पुकारेतापनि उनीहरू आउने त हुँदै होइन । यसरी खालि आह्वान मात्रै गरीनुमा खास केही अर्थ छैन । नदीपार गर्न, वारीबाट पारी पुग्न त नदी नै तर्नु पर्छ, पञ्चनीवरणरूपी सिक्रिमा अल्झिएर गर्ने प्रार्थना आफूले आफैलाई छल्नु-ढाँट्नु जस्तै हो ।

यसरी बुद्धले उपमाहरू बताइसकेपछि ब्रह्मलोकमा सहवासका निम्ति वा ब्रह्मलोकको अनुभूति प्राप्तिका लागि 'चतुब्रह्म विहार' अत्यावश्यक रहेको छ भनी उपदेश अगाडि बढाउँदै लान्छ । चतुब्रह्म विहार अन्तर्गत मैत्री, करूणा, मुदिता र उपेक्षा गरी चार गुणहरू पर्दछन् ।

चतुब्रह्म विहार सम्वन्धी उपदेश सुन्दै गरेका वशिष्ठ र भारद्वाज माणवहरूले अन्त्यमा बुद्ध समक्ष यसरी प्रार्थना गर्छन्- "धन्य भो गौतम ! धन्य भो गौतम !! जसरी घोप्टिएर रहेकोलाई उँभो (माथि फर्काइ दिने) पारी दिंदा वा घोप्टो पारिएकोलाई उघारिदिंदा वा बाटो बिराएकोलाई मार्गदर्शन गरिदिंदा वा अँध्यारोमा दियो बाल्दा आँखा हुनेले रूप देखिने जस्तै तपाईं गौतमले अनेक तवरले धर्म प्रकाश पार्नुभयो । अब हामी हजुर गौतमकै शरणमा जान्छौ, धर्म र भिक्षु संघकै शरणमा जान्छौं । आजदेखि तपाई गौतमले हामीलाई आजीवन (जीवन पर्यन्त) शरणमा आएका उपासकहरू हुन् भनी स्वीकार्नु होस् ।"

यसरी दीघनिकायको प्रथम शील लक्षण वर्गको १३ वटा सूत्रहरू समाप्त हुन्छ । अब दुतीय महावर्ग अन्तर्गत १० वटा सूत्रहरू बुझ्ने प्रयासतिर लागौं ।

### (ख) महावर्ग : महापदान – सुत्त (ख/१४)

श्रावस्तीस्थित जेतवनाराम विहारमा भिक्षुहरूका बीचमा बुद्धको पुनर्जन्मका बारेमा चर्चा-परिचर्चा भइरहन्छ, अनि त्यहाँ भगवान् बुद्धले आफ्नो बोधिसत्त्वावस्थाको कुरा उठाउँदै ६ जना तथागतहरू विपस्सी (विपश्यी), सिखी (शिखी), वेस्सभू (विश्वभू), भद्रकल्प ककुसन्ध (क्रकुच्छन्द) र कोणागमनहरूका बारेमा चर्चा गर्छ । यिनीहरू मध्ये विशेषत: यस सूत्रमा विपश्यी तथागतको जीवनी-पक्षलाई जोडदिँदै वहाँको जाति, गोत्र, गर्भ प्रवेशावस्थाको लक्षण, गृहत्याग, प्रव्रज्या, बुद्धत्त्व प्राप्ति, धर्मप्रचार देखि लिएर परिनिर्वाण सम्मन संक्षिप्त जीवनी नै उल्लेख भएका छन् । विपश्यी बुद्धले भिक्षुसंघलाई सुसंगठित एवं सुचारू रूपले अघि बढाउँदै लान दिइएको आदेशना (प्रातिमोक्ष), विधि - विधान आदिका सम्बन्धमा पनि उल्लेख भएको पाइन्छ ।

अपदान वा अवदान पुराना व्यक्तित्वहरूलाई समेटिएर (पुराण पुरूषहरूका-चरित्र) लिखित कुरालाई भनिन्छ ।

### महानिदान–सुत्त (ख/१५)

प्रसिद्ध कुरूदेशको कम्मासदम्म नामक गाउँमा विराजमान हुनुभएका बुद्धले आफ्ना स्वकीय सचिव भिक्षु आनन्दलाई देशिता सूत्र हो - 'महानिदान-सुत्त' । आनन्दले प्रतीत्य समुत्पाद (कार्यकारण-सिद्धान्त) लाई गम्भीराति गम्भीर भएर पनि आफूलाई राम्ररी स्पष्ट भएको कुरा अवगत गर्दा बुद्धले यसरी एकैचोटी बुझियो भनी भन्न नहुने, यो अर्थमा गम्भीर, सिद्धान्तमा गम्भीर, प्रज्ञप्त आज्ञामा गम्भीर तथा प्रतिपादनमा गम्भीर भएको हुँदा यसलाई मानिसहरूले राम्ररी बुझ्न नसकेर मानिसहरू गाँठो परेको धागो जस्तै, गुटमुटिएर गाँठो परेको डोरी झैं संसार चक्रबाट पार हुन नसकीरहेको कुरा देशना गर्दै लान्छ ।



Downloaded from http://www.dhamma.digital

यसपछि बुद्धले प्रतीत्यसमुत्पाद, नानात्मवाद, अनात्मबाद तथा प्रज्ञाविमुक्ति आदिका बारेमा कुरा बुझाउने क्रममा जरा (जीर्ण) र मरण जाति (जन्म) को कारणले, जाति भवको कारणले, भव उपादानको कारणले, उपादान तृष्णाको कारणले, तृष्णा वेदनाको कारणले, वेदना स्पर्शको कारणले, स्पर्श नाम-रूपको कारणले, नामरूप विज्ञानको कारणले उत्पत्ति हुने कुरा प्रतीत्यसमुत्पादमा स्पष्ट पार्दै लान्छ । आत्मा नित्य भनी जिद्दी गर्नेहरूलाई अनात्मवादका सम्बन्धमा स्पष्ट पार्दै प्रचलित नित्य-आत्मवादको खण्डन गरी प्रतीत्य समुत्पादलाई क्रमशः माथि देखिन भेद भेद गर्दै (स्पष्ट हुने गरी अलग अलग गरी) ब्याख्या गरी प्रतीत्यसमुत्पाद दर्शनलाई आत्मसात (बुझ्ने) गर्न सके आत्माको चक्रमा अल्मलिएर टाँसिनु नपर्ने प्रज्ञा-विमुक्ति सुख अनुभव गर्न पाउने कुरामा जोड दिँदै लान्छ ।

यस सूत्र दार्शनिक दृष्टिकोणले एकदमै महत्त्वपूर्ण देखिन्छ । बुद्ध-दर्शन अध्ययन गर्ने अध्ययनार्थीहरूका लागि यो एउटा महत्त्वपूर्ण सूत्र हो । ■

## वन्दना

✍ इन्दिरा हलवाई

शास्ता तिमीमा मेरो वन्दना
शान्ति तिमीमा मेरो वन्दना

बुद्ध गौतम मैले चिन्न सकिन
धर्म के हो जान्न सकिन
कर्म के हो बुझ्न सकिन
शास्ता तिमीमा ... ...

जन जीवनको माया ममता
किन हो मैले छोड्न सकिन
जीवन डुङ्गा तर्न सकिन
शास्ता तिमीमा ... ...

विश्व भुमरीबाट बचाउ
जीवन वहना आउ चलाउ
चाँडै शास्ता पार लगाउ
शास्ता तिमीमा ... ...

## ❀ हार्दिक श्रद्धाञ्जली ❀

*अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।*
*उपज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ।*

*जन्म :*
२०१३-७-२५



*स्वर्गारोहण :*
२०५५-१०-११

**स्व. श्रीकुमारी महर्जन**

मेरी धर्मपत्नी श्रीकुमारी महर्जन यही २०५५ साल माघ ११ गते सोमवार (25 Jan 1999) का दिन असामयिक निधन भएकोले उनको पुण्य स्मृतिमा म र मेरो सम्पूर्ण परिवारले भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**श्रीमान हर्क वहादुर महर्जन तथा**
**छोरा मनोज - बुहारी कोपिला**
**छोरीहरू - श्रृजना, सुचना र रचना**
**नाती - विशाल, नातिनी - मेघा**

ठेगाना : नयाँ नैकाप, वडा नं ८
पसल टोल, काठमाडौं ।



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय ६

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## चौथो भाग

## सतुल्लपकायिक वर्ग

### १. सब्भि सुत्त (१.४.१)

### सत्पुरुषहरूसंग रहनु

मैले यस्तो सुनें । एक समय भगवान् बुद्ध श्रावस्तीमा अनाथपिण्डिकको जेतवन आराममा रहनुभएको थियो ।

त्यसबेला रात वितेपछि केही सतुल्लपकायिक देवताहरू आफ्नो रश्मिले जेतवन विहारलाई समेत चम्काई भगवान् बुद्ध समक्ष आएर बुद्धलाई वन्दना गरी एक ठाउँमा उभिए ।

उभिरहेका ती देवताहरूमध्ये एकजनाले बुद्धलाई यस गाथा व्यक्त गर्न थाले-

सत्पुरुषहरूसंग रहने गर्नाले,
सत्पुरुषहरूसंग मेलजोल गरी संगत गर्नाले,
सत्पुरुषहरूको तर्फबाट राम्रो धर्मलाई जान्नाले
कल्याण नै हुन्छ, अहित हुँदैन ॥

तब अर्का देवता भगवान् बुद्ध समक्ष आई यस गाथा भन्न थाल्यो -

सत्पुरुषहरूसंग रहने गर्नाले,
सतपुरुषहरूसंग मेलजोल गरी संगत गर्नाले
सन्तहरूको तर्फबाट राम्रो धर्मलाई जान्नाले नै
प्रज्ञा प्राप्त हुनेछ, अन्यथा हुनेछैन ॥

तब अर्का देवता भगवान् बुद्ध समक्ष आई यस गाथा भन्नथाले -

... सन्तहरूको तर्फबाट राम्रो धर्मलाई जान्न
सकियो भने
शोक आइपरे पनि (उसले) शोक गर्दैन ॥

तब फेरि अर्का देवताले भगवान् बुद्ध समक्ष आई यस गाथा प्रकट गरे-

... सन्तहरूको तर्फबाट राम्रो धर्मलाई जान्न
सकियो भने,
बान्धवहरूमध्ये आफू बढि तेजिलो हुनेछ ॥

तब अर्का देवता भगवान् बुद्ध समक्ष आई यस गाथा प्रकट गर्न थाल्यो-

सन्तहरूको तर्फबाट राम्रो धर्मलाई जान्न सकियो भने, जीवहरूको गति राम्रो हुनेछ ॥

तब अर्को देवता भगवान् बुद्ध समक्ष आई यस गाथा बोल्न थाल्यो-

सन्तहरूको तर्फबाट राम्रो धर्मलाई जान्न सकियो भने -

सत्त्व प्राणीहरू धेरै सुखपूर्वक रहन सक्नेछन् ॥

तब अर्का देवताले भगवान् बुद्ध समक्ष आई भन्न थाले-

भगवान् बुद्ध । यी सबै देवताहरूमध्ये कुनचाहिं देवताको भनाई ठीक छ ?

भगवान बुद्ध- सबै देवताहरूको भनाई एक प्रकारले ठीकै छन्; तैपनि मेरो तर्फबाट पनि सुन:

सत्पुरुषहरूसंग रहने गर्नाले,
सत्पुरुषहरूसंग नै मेलजोल गरी संगत गर्नाले,
सन्तहरूको तर्फबाट राम्रो धर्मलाई जान्नाले,
सबै दु:खबाट छुट्कारा पाइनेछ ॥

भगवान् बुद्धले यसरी भन्नु भए पछि ती देवताहरू सन्तुष्ट भई बुद्धलाई अभिवादन प्रदक्षिणा गरी त्यहींबाट अन्तर्ध्यान भए ।

### २. मच्छरी सुत्त (१.४.२)

### कञ्जुसीको त्याग

एक समय, भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवन आराममा रहनु भएको थियो । तब केही सतुल्लपकायिक देवताहरू रात बितेपछि आफ्नो रश्मिले जेतवन विहारलाई चम्काउँदै जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आई भगवान् बुद्धलाई अभिवादन गरी एक छेऊमा उभियो ।

एक छेऊमा उभिएका ती देवताहरूमध्ये कुनै एक देवताले भगवान् बुद्धलाई गाथाद्वारा भन्न थाले -

कञ्जुसी र प्रमादको कारणले मानिसले दान
गर्दैन;
पुण्यको आकांक्षा गर्ने व्यक्तिले
ज्ञानी पुरूषलाई दान दिनु पर्दछ ॥

तब अर्का देवताले भगवान् बुद्ध समक्ष आई यस गाथा प्रकट गर्‍यो -

कंजुसले जुन डरको कारणले दान दिंदैन, दान नदिए पनि उसलाई त्यही भयले सताइरहन्छ; भोक र प्यासको भयले कंजुस डराउँछ, यस प्रकारको भय त त्यस मूर्खलाई जन्म जन्मान्तर भइनै रहन्छ ॥

त्यसैले कंजुस बन्न छोड,
पापलाई हटाउने पुण्य कार्य दान गर,
परलोकमा केवल आफूले गरेका पुण्य कार्य नै,
प्राणीहरूको आधार हुनेछ ।

तब अर्का देवताले बुद्ध समक्ष आई यस गाथा प्रकट गर्‍यो -



Downloaded from http://www.dhamma.digital

मर्ने व्यक्तिहरूमध्ये उ मरेको हुँदैन, जसले बाटोमा संगै हिंडिरहेका आफ्ना साथीहरूलाई (आफूसँग रहेको) अलिकति चीज बस्तुहरूलाई पनि एक आपसमा बाँडेर (खाने गर्छ);
यही सनातन कर्तव्य धर्म हो ॥

कसैले आफूसँग अलिकति मात्र (सम्पत्ति) भएपनि दान दिने गर्छ,
कसैले आफूसँग धेरै (सम्पत्ति) भए पनि दान दिने गर्दैन ।
जसले आफूसँग अलिकति मात्र (सम्पत्ति) भए पनि दान दिने गर्छ,
त्यसको दान हजार गुनाको महत्त्व भएको दान ठहरिन्छ ॥

तब अर्को देवताले भगवान् बुद्ध समक्ष आई यस गाथा प्रकट गऱ्यो -

कठिन भन्दा कठिन दान दिने व्यक्ति र दुष्कर काम गर्ने व्यक्तिको (राम्रा कार्यहरू)को अनुकरण मूर्खहरूले गर्दैनन्;
सन्तहरूको कुरो (मूर्खहरूले) बुझ्न सजिलो हुँदैन ॥
त्यसकारण सन्तहरूको र मूर्खहरूको,
गतिहरू अलग्ग अलग्ग नै हुन्छन्;
मूर्ख नर्कमा जान्छ र सन्त स्वर्गगामी हुन्छ ॥

तब अर्का एकजना देवता बुद्ध समक्ष आई यसरी प्रश्न सोध्न थाल्यो - "भो शास्ता, यिनीहरू मध्ये कसको भनाई ठीक छ ?"

भगवान् बुद्ध - "एक तरीकाले हेर्ने हो भने सबै देवताका भनाईहरू ठीकै हुन् । तैपनि मेरो तर्फबाट पनि केही सुन -

उसले धेरै धर्म कमाउँछ, जसले आफु धेरै गरीब भए पनि, आफ्नी पत्नीलाई पालेर पनि, आफूसँग भएको अलिकति धन मध्येबाट केही धन झिकेर दान दिने गर्छ, (यस्तो दानको अगाडि) हजारौं दाताहरूका सैकडौंदान र हजारौंको दान कल्प भरको जति पनि बराबर हुन सक्दैन ।

तब अर्का देवताले भगवान् बुद्ध समक्ष आई यस गाथा प्रस्तुत गरे-

उनको दान किन यति ठूलो भएको,
उसको दानको अगाडि अरूको दान किन बराबर हुन नसकेको ?
हजारौं दाताका सैकडौं र हजारौंको दान
कल्प भरको जति पनि बराबर किन हुन नसकेको ?

तब भगवान् बुद्धले त्यस देवतालाई यस गाथा भन्नु भयो :-

मारेर काटेर अरूहरूलाई सताई;
तथा अरू अनुचित कार्यहरू गर्ने व्यक्तिले
दान गरेपनि, उनले गरेको त्यस दान
अरूलाई मारी पिटी रूवाई गरिएको दान हो ।

(यस्तो कलुषित मनले देखावटीको रूपमा गरिएका दान कार्यले) शान्त र (निश्वार्थ पूर्वक) दिइएको दान बराबरको पुण्य प्राप्त गर्न सक्दैन ॥

त्यसैले हजारौं दाताका सैकडौं र हजारौंको दान पनि, कल्प भरको दान बराबर हुन सक्दैन ॥

### ३. साधु सुत्त (१.४.३)

### दान दिनु उत्तम हो

श्रावस्तीमा ।

केही सतुल्लपकायिक देवताहरू रात बितेपछि । अलग्ग एक स्थानमा उभिए । उनीहरूमध्ये एकजना देवताले भगवान बुद्ध समक्ष उदानका यी शब्दहरू प्रस्तुत गरे -

भो भगवान् बुद्ध ! दान कर्म साँच्चिकै धेरै उत्तम हो।
कंजुसी र प्रमादवस, जसले
मानिसहरूलाई दान दिदैन,
पुण्यको आकांक्षा राख्ने व्यक्तिले,
ज्ञानी पुरूषहरूलाई दान दिने गर्नुपर्छ ॥

तब अर्का एक देवताले भगवान् बुद्ध समक्ष यस उदान प्रकट गर्न थाले -

भो भगवान् बुद्ध ! दान दिने कार्य धेरै उत्तम छ,
अलिकति मात्र दान दिने कार्य पनि धेरै उत्तम छ,
कसैले आफूसँग थोरै मात्र धन भएपनि
दान दिने गर्छ भने,
कसैले आफूसँग धेरै मात्रामा धन भएपनि
दान दिने गर्दैनन्,
आफूसँग भएको थोरै धन मध्येबाट भएपनि (अलिकति) निकालेर जसले दान दिने गर्छ, त्यस्तो दान हजार गुनाको महत्त्व भएको बराबर हुनेछ ॥

तब अर्का देवताले भगवान् बुद्ध सम्मुख यस उदान व्यक्त गर्न थाले-

भो भगवान् बुद्ध ! दान कर्म धेरै उत्तम छ, अलिकति मात्र भएपनि दान दिनु पनि धेरै उत्तम छ, श्रद्धापूर्वक दिइएको दान पनि धेरै उत्तम हुन्छ, धर्मपूर्वक कमाइराखेको धन दान दिनु पनि धेरै उत्तम हुन्छ ॥

जसले धर्मानुकुल उत्साहपूर्वक परिश्रम गरी धन कमाउँछ र दान दिने गर्छ, उसले यम लोकको वैतरणी पार गरी दिब्य स्थान प्राप्त गर्न सफल हुन्छ ॥

तब अर्का देवताले भगवान् बुद्ध समक्ष यस उदान ब्यक्त गर्न थाले-



Downloaded from http://www.dhamma.digital

भो भगवान् बुद्ध ! दान कर्म ज्यादै उत्तम छ,
अलिकति मात्र दान दिनु पनि धेरै उत्तम छ,
श्रद्धापूर्वक दिइएको दान पनि ज्यादै उत्तम हुन्छ,
धर्मपूर्वक कमाइएको धन दान दिनु पनि
ज्यादै उत्तम हुन्छ,
र सम्झेर बुझेर दिइएको दान पनि ज्यादै उत्तम
हुनेछ ॥

(दानको महत्त्वलाई) ठीक तरीकाले सम्झेर बुझेर दिइएको दानलाई बुद्धले प्रशंसा गर्नु भएको छ,

संसारमा दान दिन योग्य व्यक्तिहरूलाई दिइएको दानको फल धेरै हुनेछ,

यस्तो दान, प्रशस्त उब्जनी हुने खेतमा रोपिएको बीउ जस्तै हुनेछ ॥

तब अर्का देवताले भगवान् बुद्ध समक्ष यस उदान व्यक्त गर्न थाले-

भो भगवान् बुद्ध ! दान कर्म धेरै उत्तम छ,
अलिकति मात्र भएपनि दान दिनु धेरै उत्तम हुन्छ,
श्रद्धापूर्वक दिइएको दान पनि धेरै उत्तम हुनेछ,
धार्मिकपूर्वक कमाइएको धन दान दिनु पनि धेरै उत्तम हुनेछ,
र जीवहरूप्रति संयम राख्न सक्नु पनि धेरै उत्तम हुनेछ ॥

जसले अन्य प्राणीहरूलाई कष्ट नदिईकन आफ्नो जीविका चलाउने गर्छ,

जो व्यक्ति निन्दादेखि डराउने गर्छ र पाप कर्म गर्दैन, पाप कर्म गर्न जो व्यक्ति डराउने गर्छ,

त्यही व्यक्ति प्रशंसनीय हुनेछ ।
सन्त व्यक्तिहरू पापदेखि डराउँछन् र
उनीहरूले पाप कर्म गर्दैनन् ॥

फेरि अर्का देवताले भगवान् बुद्ध समक्ष आई प्रश्न गर्न थाल्यो -

भो भगवान् बुद्ध ! माथि उल्लेखित सबै देवताहरू मध्ये कसको भनाई ठीक छ ?

बुद्धले भन्नुभयो - एक तरीकाले सबैको भनाई ठीक छ, तैपनि मेरो तर्फबाट पनि केही सुन-

"श्रद्धापूर्वक दिइएको दानको महत्त्व धेरैछ,

तर दानभन्दा पनि बढि हामीले धर्मलाई बुझ्नु परेको छ ।

धेरै पहिले पहिलेको जमानामा सन्तजनहरू

प्रज्ञाद्वारा निर्वाणसम्म पनि प्राप्त गर्न सफल हुन्थे ॥ ■

श्री

# लुम्बिनीका श्रीबुद्ध र धर्म

✍ **मानवज्राचार्य वराहक्षेत्र-४, सुनसरी**

दानीकर्णथिए, वली अझ भए, सत्यै हरिचन्द्र झन् ।
पढ्दा बौद्ध कथा, शरीर भरको, काटेर माँसै वदन् ॥
भोका बाघ अघाउँने, गरिदिने, हानी थिए त्यै व्रत ।
कैयौं जन्म डटेर लोक हितमा, श्री बोधिसत्वै बुझ ॥

राज्यै स्त्री धनरत्न यौवन सुतै, त्यागी वने भिक्षु ।
संन्यासी स्व विवेक सत्य बुझ श्री निर्वाण मार्गी पद ॥
ठूलो संयम, धैर्यशील गतिले, बढ्दै गई, उज्ज्वल ।
आफैं भित्र नियाल्दै, प्रगतिको, साक्षात आफ्नै उर ॥

शान्ताकार प्रबुद्ध बुद्ध भगवान्, त्रैलोक्यका मानिए ।
मान्छे नाग र देवता असुरले, डाका र दुष्टादिले ।
हिंसा, लोभ, असत्य भाषण, नशा छाड्ने लिई शील त्यो ॥
आफ्नो जीवनमा सुधार गरने, श्री बुद्ध कै धर्म हो ॥

जानौं जन्म जरा र रोग मृत्युको, फुस्काउँने बन्धन ।
जाऔं बुद्ध र धर्म संघ शरणैं, होला सफल जीवन ॥
को जान्दैन प्रसिद्ध विश्व भरमा, नेपालको लुम्बिनी ।
निर्वाणार्थ सुकीर्ति पुण्य मय लौ ! लागों सुमार्ग चिनी ॥

श्रद्धाले शिर यो ! झुकाइ दिन दिन्, गर्छौं भने प्रार्थना ।
प्रातः काल उठेर शान्त मनले बस्छौं भने ध्यानमा ॥
देख्छौं बुद्ध प्रत्यक्ष दिव्य छविलो, भित्रै मनोद्यानमा ।
छन् श्री बुद्ध प्रसन्नता धवलता, आनन्द औ ज्ञानमा ॥

'सेवा परंधर्म हो ।'

श्री शुद्धोधन पुत्र बुद्ध भगवान् सर्वार्थ सिद्धार्थ हुन् ।
कैयौं जन्म त बोधिसत्व व्रत ली, हिंडथे कथा छन् बुझ्न ॥
मान्छे बन्न महान त्याग तप को, संकल्पको सत्यको ।
ठूलो संकट आउँदा दृढ हुने, उत्साहको धैर्यको ॥

लोकैको अपवाद नै सहनुको, तृष्णा जीतेन्द्रीयको ।
इच्छा शक्ति दवाउने नियमको, सत्ज्ञानको ध्यानको ॥
कर्तव्योचित कामको असल होस्, कल्याण होस् ज्यानको ।
रोगीको उपचारमा मन दिने, सेवा परं धर्म हो ॥



Downloaded from http://www.dhamma.digital

# संसारमा कुन धर्म श्रेष्ठ ?

✍ ज्ञानेन्द्र महर्जन

धर्म भनेको शील सदाचारमा रही ज्ञानको आँखाले ठीक बेठीक छुट्याई प्रज्ञाको सहायता लिई मानवले गरिने कर्तव्य पालन हो । जसले जीवनमा सुख पूर्वक जिउने कला सिकाउँछ, सधैं, सधैं सदाचारमा बसी प्रज्ञा, शील, समाधीमा लाग्न सिकाउँछ । जसको कारणबाट जीवनमा आफू सहित अरूको पनि जीवन सुखमय, आनन्दमयसँग जिउन सहयोग पुऱ्याउँछ ।

दु:खलाई यथार्थ रूपमा बुझी त्यसबाट मुक्त हुनु नै सारांशमा धर्म हो । दु:खबाट मुक्ति अर्थात सुख प्राप्त गर्न जो कोही पनि तत्पर रहेका हुन्छन् । संसारमा कोही कसैलाई पनि दु:ख मन पर्दैन तर वास्तविक सुख प्राप्त गर्ने मार्ग नबुझेर भ्रममा परि ईश्वर वा अरू कसैको आशा र भरोसामा बसी दु:ख माथि दु:ख थपिरहेका हुन्छन् ।

बौद्ध सिद्धान्तमा अरू धार्मिक सिद्धान्तमा जस्तो ईश्वर र आत्मालाई स्थान छैन, यसलाई मात्र जीवन मार्ग ठानेको छ । बुद्ध धर्ममा सांप्रदायिक भावना जस्तै जातिय विभेद, लिङ्गको भेदभाव, धनी र गरिबको भिन्नता देखिन्दैन । यसमा राजादेखि साधारण जनतासम्म, ब्राह्मण देखि चण्डालसम्म, धनाद्यदेखि कंगाल-सम्मलाई एउटै पंक्तिमा राखेर एउटै ढोकाबाट भित्र्याई समान हक प्रदान गरेको छ । त्यसैले: बुद्ध धर्म मानव धर्म हो, मानव कल्याण बौद्ध सिद्धान्तमा निहित छ भन्नमा अत्युक्ति नहोला ।

भ्रम, अज्ञानता र अन्धविश्वासलाई हटाउन, मानवलाई सभ्य, समृद्ध र सुखी बनाई मानवता बुझाउन २५ सय बर्ष अगाडि तथागत गौतम बुद्धले स्वअनुभव र अध्ययनबाट पत्ता लगाई प्रतिपादन गर्नु भएको बुद्ध धर्म आजका वैज्ञानिकहरूको गहन अध्ययन र मेहनत पश्चात् पत्ता लगाइएका तथ्यहरूसँग धेरै मेल खाएकोले वैज्ञानिकहरूले समेत यस शिक्षालाई विभिन्न धर्महरू मध्य उत्तम धर्म भनि निम्न कारणहरूले गर्दा मानि आएका छन् ।

**१. अनिश्वरवादी :**

बुद्ध धर्मले श्रृष्टिकर्ता ईश्वरको अस्तित्वलाई इन्कार गर्दछ । कुनै भक्तिमा मात्र लागेर जीवनमा आवश्यक लोकोत्तर ज्ञान हासिल गर्न सक्दैन । त्यस कारण कुनै ईश्वरको भक्ति, पूजाप्रति नलागी आफ्नै मेहनत र स्वविवेकद्वारा शील, प्रज्ञा, समाधिमा लागि यस सांसारिक जीवनबाट सदाको लागि मुक्ति पाउन बुद्ध धर्मले सिकाउँछ । यस धर्ममा अरू धर्ममा जस्तो कार्य सफलताको लागि, रोग विनासको लागि, गल्ती गरी सके पछि सो पखाल्नको लागि मठ मन्दीरमा गई ईश्वरलाई संझी पूजा पाठ गराईदैन । तर कुनै ईश्वर वा श्रृष्टिकर्ता नमान्दैमा बुद्ध धर्म नास्तिकवादी चाँहि कदापि होइन । नास्तिक उही हुन्छ, जो भौतिकवादी हुन्छ तर बुद्ध धर्म यथार्थवादी र व्यवहारिक धर्म हो । चीर सुख भौतिक संसारमा पनि संभव छैन न त कुनै ईश्वरको पूजा र भक्तिमा नै निहित छ, यसको ज्ञात भएर नै बुद्धले ईश्वरको सहायता विनाको स्वविवेक र मेहनतले मुक्ति पाउने विद्या पत्ता लगाई त्यसको प्रचार गर्नुभयो ।

**२. स्वतन्त्र चिन्तन :**

बुद्ध शिक्षा अनुसार बुद्धले भन्नु भएको, कुनै धर्म ग्रन्थ वा शास्त्रमा उल्लेख भएको, परम्परागत रूपमा चल्दै आएको र सबैले स्वीकार गरेको भन्दैमा त्यस कुरालाई स्वीकार गरेर नबसी आफैले प्रज्ञाको प्रयोग गरी अध्ययन र अनुभव गरेर मात्र विश्वास गर्नु पर्छ भनी स्वतन्त्र चिन्तनलाई विशेष स्थान दिइएको छ । यसमा कुनै र कसैले बाध्य गराउन सक्दैन बुद्ध स्वयमले भन्नु भएको छ "मैले भनेको भन्दैमा आँखा चिम्लेर स्वीकार नगर्नु सो स्वीकार नगर्दैमा मलाई कुनै दु:ख र अफशोच हुने छैन ।

**३. आफू नै आफ्नो नाथ (भरोसा) :**

बुद्धको शिक्षा अनुसार मानिसले पाउने दु:ख सुख उसैले गरेको कर्मको फल हो भन्ने बुझिन्छ । बुद्ध स्वयमले भनेका छन कि मुक्ति वा अरू कुनै कार्य सिद्धि पाउन उसको आफ्नै स्वविवेक र मेहनत बाहेक अरू कसैको कृपाले हुन सक्दैन । बुद्ध केवल मार्ग दर्शक हुन्, कुनै मोक्षदाता हैन ।

अत्ता हि अत्तनो नाथो- को हि नाथो परो सिया ?
अत्तना व सुदन्तेन- नाथं लभति दुल्लभं ॥

आफू नै आफ्नो नाथ हो, आफू बाहेक अरू को होला ? त्यसैले आफूलाई आफैले दमन गर्न सकेमा अति दुर्लभको गुरू (ज्ञान) प्राप्त भई सुख भोग गर्न पाइन्छ ।

त्यसैले आफूले गरेको कर्मको प्रतिफल आफैलाई प्राप्त हुने भएकोले आफूलाई भविष्यमा कुन दिशा तर्फ लग्ने हो आफै मालिक भएर लग्नु पर्दछ भन्ने कुरालाई बुद्ध शिक्षामा राम्ररी प्रष्ट्याएको छ ।

**४. चतुआर्यसत्य :**

चतुआर्यसत्य संसारको वास्तविक चार सत्यहरूको समूह हो । ती हुन् (क) दु:ख आर्यसत्य (ख) दु:ख समुदय



Downloaded from http://www.dhamma.digital

(दु:खको कारण) आर्य-सत्य (ग) दु:ख निरोध (नास गर्ने) आर्य सत्य (घ) दु:ख निरोध गामिनी प्रतिपदा (दु:ख अन्त गर्ने) आर्य सत्य हुन् ।

जन्मनु, बृद्ध हुनु, रोगी हुनु, मर्नु, चिन्तित भै शोक हुनु, अप्रिय संयोग, प्रिय-वियोग भई इच्छाएको प्राप्त नहुनु दु:ख हो । संक्षेपमा भन्ने हो भने पंचस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान) नै दु:ख आर्य सत्य हो । दु:खको कारण तृष्णा हो । जस्तो पंच इन्द्रियबाट आशक्त वा द्वेष भावबाट हुने काम तृष्णा, फेरि फेरि जन्म लिनु पर्ने विश्वासले हुने भव तृष्णा र फेरि फेरि जन्म लिनु नपर्ने र मरिसकेपछि असल खराव कामको परिणाम भोग्न नपर्ने भएकोले एकै जन्ममा बढी आनन्द प्राप्त गर्ने नास्तिक विचार धाराले ल्याएको विभवतृष्णा नै दु:ख समुदय (दु:खको कारण) आर्य सत्य हो । तृष्णालाई नास गर्ने त्याग्ने, अनाशक्त हुने नै दु:ख निरोध आर्य सत्य हो । भने तृष्णाबाट मुक्त हुन प्रयोग गरिने आर्य अष्टाङ्गिक मार्ग दु:ख निरोध गामिनी आर्य सत्य हो यी चार दु:ख सत्यलाई बुद्ध धर्मले जनसमक्ष छर्लङ्गचाई दिएको छ । यही नै बुद्ध धर्मको मूल विशेषता पनि हो ।

**५. मध्यम मार्ग :**

बुद्ध धर्मको अर्को मुख्य विशेषता मध्यम मार्ग हो । बुद्ध धर्ममा ज्ञान प्राप्त गरी सफल जीवन यापन गर्न र धार्मिक बन्नको निमित्त धेरै आशक्तिपन पनि होइन धेरै खुकुलोपन पनि नभई मध्यम मार्ग अपनाई तृष्णाबाट मुक्त अवस्था निर्वाण साक्षात्कार गर्ने मार्ग देखाई दिएको छ । यीनै मार्गलाई अपनाएर मात्र जीवनको हरेक क्षेत्रमा राजनैतिक, सामाजिक, धार्मिकको हरेक क्षणमा सफलता प्राप्त गर्न सकिन्छ । जसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ ।

(क) सम्यक दृष्टि (ठीकसँग बुझ्नु)
(ख) सम्यक संकल्प (ठीक उद्देश्य)
(ग) सम्यक वाणी (ठीक वचन)
(घ) सम्यक कर्मान्त (ठीक काम)
(ङ) सम्यक आजीविका (ठीक जीवन)
(च) सम्यक व्यायाम (ठीक प्रयत्न)
(छ) सम्यक स्मृति (ठीक होश)
(ज) सम्यक समाधि (ठीक एकाग्रता)

तथागतले देखाउनु भएको मध्यम मार्ग यही हो । जसले ज्ञानरूपी आँखा खोली दिन्छ । जुन शान्तिको निमित्त हो । र यही नै दु:ख, दर्द, शोक-सन्तापबाट मुक्त भै निर्मल ज्ञान प्राप्त गरी दु:खको अन्त गर्ने मार्ग हो ।

**६. यही जन्ममा फल प्राप्त हुने :**

बुद्ध धर्ममा अहिले गरेको कर्मको फल समय नबित्दै प्रतिफल प्राप्त हुने कुरामा प्रष्ट छ । यसमा अरूको भरमा नपरी आत्मविश्वासका साथ आफ्नो मालिक आफै बनी स्वविवेक र मेहनतले गरेको कर्म र कर्मफलमा विश्वास राख्दछ । त्यसकारण आफूले जस्तो प्रकारको काम गर्छ त्यस्तै प्रकारको फल प्राप्त हुन्छ । राम्रो गरे राम्रै, नराम्रो गरे नराम्रै ।

**७. प्रतित्य समुत्पाद :**

जन्म देखि मरण र मरण पछि फेरि जन्म हुने भवचक्रलाई नै प्रतित्य समुत्पाद भनिन्छ । बुद्ध धर्मको सारतत्व प्रतिनिधित्व गर्ने यस प्रतित्य समुत्पादमा १२ वटा कडीहरू एक आपसमा सम्बन्धित भै एक चक्र बन्दछ । जसलाई भवचक्र पनि भनिन्छ । एक कडीको कारणले अर्को, अर्को कडीको कारणले अर्को हुँदै उत्पन्न हुन्छ, जसलाई कार्यकारण सिद्धान्त अर्थात् हेतुवादको सिद्धान्त पनि भनिन्छ । सो यसप्रकार छन् । विद्यमान अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान, विज्ञानको कारणले नामरूप, नामरूपको कारणले षडायतन, षडायतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जन्म, जन्म पछि स्वत: जरा, मरण, शोक, सन्ताप हुन्छ र फेरि मरण पछि अविद्या शुरू भै सो चक्र चलिरहन्छ । यस्तो सांसारिक दु:खको चक्रमा मानिसहरू अल्झिरहेको हुन्छ । विपस्सनाद्वारा वेदना उत्पन्न हुँदा तृष्णाको ठाउँमा प्रज्ञा उत्पन्न गराएर तृष्णालाई नास गर्न सकेमा मात्र यस चक्रबाट उम्की धर्म चक्रमा प्रवेश गर्न सकिन्छ र मार्ग फल प्राप्त गर्न सकिन्छ ।

आज यो प्रतित्य समुत्पाद वैज्ञानिकहरूको लागि विभिन्न तथ्यहरू पत्तालगाउनका लागि सूत्र समेत बनेको छ ।

यी विभिन्न कारणहरूले गर्दाखेरी बुद्ध धर्म आजको वैज्ञानिक धर्म नै यसको उपयोगिता झनझन् बढ्दै गइरहेको अवस्थामा हामीले पनि अज्ञानता र अन्धविश्वासलाई त्यागी अर्काको आशा र भरोसामा होइन आफै कर्म र कर्मफलमा जोड दिई यस धर्मलाई व्यवहारिकतामा उतारौं र अरूलाई पनि सो गराउन यसको प्रचार-प्रसारमा अझ तीव्रता ल्याउन सकेको खण्डमा तथागत गौतम बुद्धको बहुजन हिताय, बहुजन सुखायको सिद्धान्त साँच्चै सार्थक हुने कुरामा दुई मत नहोला । ■



Downloaded from http://www.dhamma.digital

# आगोको झिल्को

*अनुवादक :* दीव्या ताम्राकार

✍ **श्री कुमार योगी**

*साभार :* "आरोग्य" हिन्दी मासिक, डिसंबर १९९५

दाउरा र काठको लागि गाउँलेहरूले वन जंगल फडानी गर्थ्यो भने बाघलाई शिकारीहरूले मार्दथ्यो । धेरै पुस्तासम्म यहाँ क्रम चल्दै रह्यो । जंगलले बन्चरोको मार खाँदै थियो भने बाघले भाला र बाणको ! आखिर एक दिन जंगल र बाघ एक आपसमा संगै बसेर आ-आफ्नो दु:खको कुरा एकले अर्कोलाई सुनाए र दुबैले भविष्यमा एक मत भएर मिलेर बस्ने निर्णय लिए । जंगल फाड्न आउने गाँउलेहरूलाई बाघले धपाउने र बाघको शिकार गर्न आउने शिकारीहरूको आँखाबाट बाघलाई जंगलले ढाकेर लुकाउने निर्णय लिईयो । यो सम्झौता हुनासाथ दुबै निर्धक्क भए । एक अर्काको पीडा आपसमा बाँडनाले जीव-जगतले राहत पाएर निर्भय हुने जस्तै ती दुबै पनि निश्चिन्त भए । शरीर र प्राण अन्योन्याश्रित हुने जस्तै यिनीहरूको यो सन्धि बर्षौंसम्म कायम रह्यो । प्राण कर्ममा मूर्त भएर शरीरलाई स्वस्थ र सशक्त बनाउँछ र शरीर आफ्नो दृढताको बलमा प्राणको रक्षा गर्दछ ।

तर मन वा चित्तले यिनीहरूको यो सन्धिलाई लामो समयसम्म निरन्तरता कायम राख्न सकिन्छ वा सकिन्दैन भन्ने कुरा अध्ययन र चिन्तन गर्नु आवश्यक छ । मन कुनै पोखरी समान हुन्छ - कहिले स्थिर त कहिले चंचल । मनलाई पूर्णरूपमा अवरोध गर्न असंभव छ तर मनको गतिलाई वांछित मोड भने अवश्य दिन सकिन्छ । गतिको सिद्धान्त नै यो छ कि त्यो कहिल्यै शेष हुन्दैन, अन्त हुन्दैन- कुनै न कुनै रूपमा चलिनै रहेको हुन्छ । मनको गति पनि यस्तै छ । सम्पूर्ण अवरोध उसलाई मान्य हुँदैन । त्यसले बिरोध गर्दछ र धारा प्रवाहमा बग्न थाल्दछ । त्यसैले निंरोधको साथै मनसँग मेल खाने कुनै विकल्प त्यहाँ उपस्थित गराउन सक्नु पर्दछ । तर विकल्प मात्र हुँदैमा सबै कुरा ठीक हुँदैन, त्यस विकल्पलाई प्रेमले, क्षमाले भिजाई त्यसको जरामा मंगलको धारा बहाउनु पर्दछ र मंगल धाराले सिंचित गराई राख्नु पर्दछ । यसरी निरोधको गाँठो बलियो बनाउनु पर्दछ । नत्र भने त्यो विकल्प-वृक्ष सुकेर जान्छ । यदि निरोधको सहायतार्थ उपस्थित विकल्प खुकुलो भयो भने मन बाटो बिराएर विचलित भई अनर्थ तिर जान बेर लगाउँदैन । उदाहरणको लागि जंगल र बाघको यस कथामा चित्रण गर्न खोजिएको छ ।

आफ्नो छहारीमा निश्चिन्त रूपमा बाघ विचरण गरिरहेको देखेर जंगलको मनमा आफ्नो शक्तिको अहंकार जागेर आयो । अहंकारको झिल्को उसको मनको एउटा कुनामा सल्कँदै गयो किनकी उसको मनमा मंगल भावनाको प्रवाह-गति क्षीण भएर गएको थियो । जीव-जगत मनको तरंगहरूद्वारा यसरी घेरिएको हुन्छ जसरी माछा पानीको तरंगमा घेरिएको हुन्छ । पानीको तरंगले माछालाई गति दिए जस्तै मनको तरंगले पनि हामीलाई गतिशील बनाउँछ । मनको तरंगले कुन रूपमा गतिशील बनाइरहन्छ त्यो कुरा जीवन जिउनेको हात निर्भर गर्दछ । किनभने मनलाई असल वा खराब भावनाले तरंगित पार्ने गर्दछ र यो तरंग फैलिएर सारा विश्वमा अदृश्य रूपमा ब्याप्त हुन्छ ।

अहंकारको झिल्कोले जंगलको मनमा आगोको ज्वालाको रूप लियो र त्यसको रापले बाघको मनमा जंगलले बनाएको घरलाई लपेट्यो । जंगलको मनोभावना परिवर्तन भएको देखेर बाघको मनमा पनि अहंकारको ज्वाला दनकन थाल्यो । उसले विचार गऱ्यो "मेरो प्रताप र बाहुबलको सुरक्षामा यो निहत्था जंगल निर्विघ्न, शान्त निन्द्रामा सुतेको छ । कस्तो दयनीय हुन्थ्यो यसको अवस्था यदि मैले यसलाई सुरक्षा प्रदान नगरेको भए ! कति स्वार्थी छ यो, आजसम्म यसको मुखबाट कृतज्ञताको एक शब्द पनि निस्केन । यो भनाई पनि ठिकै हो कि स्वार्थ र कृतघ्नता सर्पको दुई जीब्रो हुन् जसले सर्पलाई त पोषणनै दिन्छ तर अरूको त प्राण नै लिन्छ ।"

बर्षौंसम्म हेलमेल भई बसेका आज उसले उसलाई उसले उसलाई नचिनेको जस्तै एकले अर्कोलाई शत्रुको रूपले हेर्न थाले । दुबैले आफ्नो पुरानो मित्रताको बन्धनलाई आफ्नो आफ्नो मनमा बिउँताउन सकेनन् । तिनीहरूको मनमा अहंकाररूपी आगोको ज्वाला झन झन दन्किन्दै गयो ।



Downloaded from http://www.dhamma.digital

बाघले अब जंगललाई पहिला जस्तै संरक्षण दिई रहन चाहेन । र जंगलले पनि बाघलाई आफ्नो छायाँले लुकाएर नराख्ने निधो गरे । बाघ त्यहाँबाट हिँड्ना साथ मानिसहरू आएर केहि दिनमा नै जंगल सखाप पार्न थाले । जंगल फाँडना साथ जंगल पातलो हुँदै गए पछि शिकारीहरूले पनि बाघलाई पछ्याइहाल्यो । बाघ डरले काँप्दै जंगलमा फर्क्यो । जंगल पनि मरणासन्न अवस्थामा थियो । उसको प्राण त गएको थिएन, केही कुरा भन्नको लागि अन्तिम क्षण बाँचिरहेको थियो ।

बाघलाई देख्ने बितिकै जंगलले भन्यो- 'भाइ ! धन्य तिमी आयौ । मलाई क्षमा गरीदेऊ तिमीलाई पाउन मेरो प्राण तडपीरहेको छ । मेरो अहंकार मेरै लागि बिनाशको कारण भयो । कस्तो अभिशप्त क्षण थियो जब अमंगलको बिउ मेरो मनमा अंकुरीत भएको थियो । एक क्षणको गलत विचारले पनि कति नोक्सान हुँदोरहेछ विचार गर्नेहरूको संसारमा ।

बाघको आँखामा पनि पश्चातापको आँशु प्रेमको रूपमा बगिरहेथ्यो । रुँदै उसले पनि जंगलसंग क्षमा माग्दै भन्यो 'तिमी मलाई क्षमा देउ । पहिला मेरो मनमा पापको बिउ रोपिएको हो । मैले त्यसलाई उखेल्नुको सत्ता मलजल सिंचेर हुर्काएँ, बढाएँ । मलाई क्षमा गर ।

शिकारीहरूले चारैतिर बाट घेरेको थियो । नजिकै बाट भाला र बाणले प्रहार गरियो । बाघ जमीनमा ढलेको देखेर जंगलले आँखा चिम्ल्यो । प्रेमको दुई दियो आफ्नै आगोमा जलेर खरानीका दुई थुप्रो बन्यो । ■

## सार्थक जीवन

✍ श्रा. संघरक्षित, संघाराम

(१)
आफ्नो आचरण शुद्ध गर्न
शीलको पालन गर्नु रे !
शीलको महिमा महत्व बुझ्न
विहार गुम्बा धाउनु रे !!

(२)
गृहस्थी जीवन सुखी तुल्याउन
परिश्रमी उद्योगी बन्नु रे !
चारित्र गुण परिशुद्ध पार्न
अल्छीले वशीभूत नहुनु रे !!

(३)
दुःखमय संसार अवबोध गर्न
अनित्य भावना गर्नु रे
दुःखबाट पूर्णतः छुटकारा पाउन
कुशल कार्य गर्दै लानु रे !!

(४)
कुशल-अकुशल ज्ञात गर्न
प्रज्ञालाई तिखार्न जान्नु रे !
सत्संगत हरबखत विद्वान गरी
जीवनलाई सार्थक बनाउनु रे !!

## भुले ज्वी मत्य

✍ गौतमवीर बज्राचार्य
यशोधर महाविहार, बुबहाल यल

हे मन माया मोहया जाले जक भुले जुया फुईन
अनित्य ध्व जगते खुशी जुया जीवन मखुथाय् लाईन ॥धु॥

क्यना तल तथागतं सत्यगु मार्ग
भुले जुइ गात लोभ मोहया जाल ॥१॥

धनया लोभं याना मखुथाय् लाईन
आशा जक याना जीवन ब्यर्थहे जुइन ॥२॥

मेल मेल ध्व राग द्वेषं जागु खेल
भवया ध्व रस रंग आ फुक्कं मेल ॥३॥

## को श्रेष्ठ ?

✍ भिक्षु विशुद्धानन्द

सम्बुद्ध मानिसमा श्रेष्ठ सत्य स्वादिष्ट रसमा
सेवकहरूमा पत्नी आफू प्यारो सबै भन्दा
सन्तोष परम धन भोक परम रोग
निरोगिता आफन्तहरूमा विश्वास
बैराग्य परम धर्म निर्वाण परम सुख
जन्म गराउनेमा तृष्णा चोर्न नसक्नेमा पुण्य
राग परम आगो द्वेष परम पाप
भलो गराउनेमा विद्या सत्यमा आर्य सत्य
प्रज्ञा परम रत्न संस्कार परम दुःख
कुरा सुन्ने छोरामा पशुमा तालिम पशु



Downloaded from http://www.dhamma.digital

बाल कथा

# दानी बालकको कथा

✍ विश्व शाक्य

सामुहिक बुद्ध पूजा थियो। बुद्ध पूजा सकिएपछि सजमिनाले भनिन्– "काका हिजो तपाईंले कथा सुनाउँछु भन्नु भएको होइन ?"

"हो, कथा सुनाउने भनेको त हो खै तिमीहरू चूप लागेर बसे पो" काकाले जवाफ दिनुभयो।

बुद्ध पूजा सकेर केटाकेटीहरू कोही कता फर्केका थिए। कोही कता चलिरहेका थिए। कथा सुन्न इच्छा राख्नेहरूले "चूपलाग" भन्दै आफ्ना सँगैका साथीहरूलाई भन्दै थिए। तर केटाकेटीहरू आफ्नै कुराकानीमा मख्ख थिए। यस्तैमा काकाले "चूप" भनेर भन्नुभयो। सबै शतर्क भए। सबै चूप लागेर काका भएतिर फर्केर बसे। सबै शतर्क भएपछि काकाले भन्नुभयो– "तिमीहरू कथा सुन्ने पनि भन्छौ फेरि हल्ला पनि गर्छौ। यसरी हल्ला गर्छौ भने कसरी कथा सुनाउने ? तिमीहरू कथा सुन्ने कि नसुन्ने ?"

"सुन्ने काका" सबैले एक्कै स्वरमा सहमति जनाए।

"त्यसो हो भने" काकाले भन्नुभयो– "तिमीहरू सबै ज्ञानी भएर अगि ध्यान बसे जस्तै नचलीकन, दायाँ बायाँ नहेरी, फासरफुसर कुरा नगरी ज्ञानी भएर सुन है त ?"

"हुन्छ काका !" सबै चूप लागे।

काकाले कथा शुरू गर्दै भन्नुभयो– "म तिमीहरूलाई तिमीहरू जस्तै एउटा दानी बालकको कथा भन्छु। धेरै अगाडिको कुरा हो। भगवान् गौतम बुद्धको पालामा, एकदिन भगवान् गौतम बुद्ध र उहाँसँग हिंड्नु भएका थुप्रै भिक्षुहरू शहर नजिकैको एउटा जंगलमा बसिरहनु भएको थियो। भिक्षु भनेको तिमीहरूलाई थाहा छ, हगि ?"

"थाहा छ, काका" केटाकेटीहरूको बीचबाट मसीनो स्वरमा जवाफ आयो– "भिक्षु भनेको भन्ते !"

"हो स्यावास" काकाले स्यावासी दिँदै कथा अगाडि बढाउनु भयो– "भगवान् बुद्ध बस्नु भएको जंगल शहर - बजार सँगै थियो। भगवान् गौतम बुद्ध एउटा ठूलो रूख मुनि अग्लो आशनमा बसिरहनु भएको थियो। त्यो दिन आज जस्तै अष्टमीको दिन परेको रहेछ। तिमीहरू जसरी आज बुद्ध पूजा गर्न भेला भएका छौ, त्यो बेला पनि नजिकै शहरका उपासक उपासिकाहरू बाल, युवा, बृद्धहरू सबै भगवान् बुद्धलाई दान दिन र भगवान् बुद्धबाट धर्म-कथा सुन्न टाढा-टाढाबाट बिहानै देखि आएका रहेछन्। आएका जति सबैले भगवान् बुद्ध तथा भिक्षुहरूलाई कसै कसैले खाने कुराहरू, कसैले लाउने कपडाहरू, कसैले पैसा दिइरहेका रहेछन्।

"तिमीहरूले सुनिरहेका छौ होइन ?" उनीहरूले सुनिरहेको बताएपछि काकाले फेरि अगाडि बढाउँदै भन्नुभयो– "त्यसैबेला त्यही बाटो भएर गाउँको एउटा केटो जंगलमा दाउरा काट्न गएको आफ्नो बाबुलाई खाना पुऱ्याउन आइरहेको रहेछ। उस्को आमाले २/४ वटा रोटी र अलिकति अचार पोको पारेर पठाएको रहेछ। त्यो केटा भगवान् बुद्ध र भिक्षुहरू बसिरहेको त्यो ठाउँमा पुग्दा अचम्म लागेछ। त्यस्ता मान्छेहरू र त्यत्तिधेरै मान्छेहरू भेला भएको उसले कहिल्यै देखेको रहेनछ। ऊ अलि परै बसेर त्यो रमाइलो हेरिरहेको थियो। त्यहाँ आएका जत्ति सबैले भगवान् बुद्धलाई केही न केही दिइरहेका थिए। भगवान् बुद्धले पनि करूणा पूर्वक सबैलाई मैत्री दिइरहनु भएको थियो। हेर्दा बस्दा त्यो केटाको मनमा पनि श्रद्धा जागेर आयो। उसलाई पनि भगवान् छेऊ जाऊँ-जाऊँ लाग्यो। उसले बाबुलाई खानेकुरा पुऱ्याउन आएको भन्ने बिर्स्यो। ऊ त्यहाँ बसिरहन सकेन। एक दुई कदम, एक दुई कदम गर्दै ऊ भगवान् बुद्ध बस्नु भएको ठाउँ धेरै नजिक पुग्यो। भगवान्लाई दिन ऊसँग केही थिएन। भगवान्को नजिक नगै उसको मन पनि मानेको थिएन। आखिर ऊ भगवान् बुद्ध भएको ठाउँमा पुग्यो। अरूले झैं उसले पनि भगवान् बुद्धलाई ३ पटक वन्दना गरी आफूले ल्याएको रोटी भगवान्को पात्रमा राखिदियो। भगवान् बुद्धले करूणा पूर्वक त्यस बालकको शीरमा हात राखेर मैत्री दिनुभयो। त्यो बालक भगवान्लाई दान दिन पाएकोमा सान्है प्रशन्न भयो। ऊ त्यहाँबाट पर छेउमा बसेर अरूले दान दिइरहेको हेरिरह्यो। उसले भिक्षुहरूलाई पनि श्रद्धापूर्वक वन्दना गऱ्यो।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्ध भिक्षुसंघ सहित आउनु भएको छ भन्ने थाहा पाएर त्यसै दिन त्यही गाउँकी एउटी उपासिकाले आफ्नो १०/११ वर्षको छोरालाई केही पैसा दिएर भगवान् बुद्ध र भिक्षु संघलाई दान गर्न पठायो । फर्कंदा बाटोमा खानेकुरा किनेर खान भनेर उसलाई बाले केही पैसा दिएर पठाइयो । त्यो केटा पनि भगवान् बुद्ध हुनु भएको ठाउँमा पुग्यो । मान्छेको धेरै भीड थियो । उसले भिक्षु संघलाई दान दिन भनेर उसको आमाले पठाएको पैसा दान त दियो तर भीडमा आँखा छलेर आफूले लगेको भन्दा धेरै पैसा उसले टिपेर खल्तीमा राख्यो ।

बाबुलाई रोटी पुऱ्याउन आएको केटो प्रशन्न चित्तले आफ्नो बाबु भएतिर जंगलमा लाग्यो । पैसा दान गर्न आमाले पठाएको केटो पनि आमाले पठाएको पैसा भन्दा धेरै पैसा हात पार्न सकेकोमा दंग पर्दै घरतिर लाग्यो ।

जंगलमा आफ्नो बाबुलाई खानेकुरा पुऱ्याउन आएको केटो प्रशन्न चित्तले बनको बाटो एक्लै आइरहेको ब्यापारिहरूको एउटा टोलीले भेट्टायो । केटो साऱ्है प्रशन्न देखेर कारण सोध्यो । केटोले सविस्तार पूर्वक आफ्नो बाबुलाई भनेर आमाले पठाएको रोटी भगवान्लाई दान दिएको देखि धर्मकथा सुनेसम्मको सबै कुरा बतायो । केटाको मुखबाट भगवान् बुद्ध नजिकै जंगलमा रहनु भएको थाहा पाएर ब्यापारिहरू साऱ्है खुशी भए । यस खुशीयालीमा उनीहरूले आफूले ल्याएको मिष्टान खानेकुरा र धन त्यस बालकलाई दिएर पठाए । केटो पनि आफूले घरबाट ल्याएको भन्दा मीठो-मीठो खानेकुरा आफ्नो बाबुलाई लगिदिन पाएकोमा धेरै प्रशन्न भयो । बाबुकहाँ पुगेर उसले बाटोमा आउँदा घटेको सबै घटनाहरू सुनायो । बुद्ध भगवान् प्रतिको छोराको श्रद्धा र भक्ति देखेर बाबु पनि साऱ्है खुशी भयो । छोरालाई मायाले निक्कै बेरसम्म छात्तिमा टाँसी रह्यो ।

उता अर्को केटा धेरै पैसा हात पारेर (चोरेर) बनको बाटो एक्लै गैरहेको थियो । त्यही बाटो २ जना चोरहरू पनि आइरहेको थियो । चोरहरू आइरहेको देखेर केटो भाग्न थाल्यो । केटो उनीहरूलाई देखेर भाग्न लागेको देखेर चोरहरूको मनमा लाग्यो– "त्यो केटासँग अवस्य पनि पैसा वा बहुमूल्य धन हुनुपर्छ । त्यही भएर हामीलाई देख्ने बित्तिकै ऊ भाग्दै छ । चोरहरूको मनमा यत्ति के आएको थियो, दौडेर गएर केटोलाई समात्यो । उसको खल्ती छाम-झुम गरेर भएभरको सबै पैसा निखन्यो । पैसा निखारेर मात्र नपुगि दुई-दुई झापड पनि लगाई दियो । केटो गाला छाम्मदै रूँदै घर पुग्यो । छोरा रूँदै आएको देखेर आमाले रूँनाको कारण सोधी । छोराले पहिला भन्न हिचकिचायो । पछि सविस्तार सबै कुरा भन्यो । बुद्धका साथै भिक्षु संघलाई दान दिन पठाएको झन् संघकै पैसा चोरेर आएकोमा आमाले पनि भकुऱ्याउनसम्म भकुऱ्यायो । त्यो दिन त्यसलाई आमाले खान पनि दिइनन् । त्यो केटो दिनभर, रातभर भोको पेट रहन पऱ्यो ।"

काकाले कथा टुंग्याउँदै भन्नुभयो– "ल कथा यत्ति हो । स्वच्छ मनले श्रद्धापूर्वक दान दिंदा कस्तो हुन्छ लोभि मनले दान दिंदा कस्तो हुन्छ तिमीहरूले थाहा पायौ हगी ?"

"हो काका !" सबैले एकसाथ जवाफ दिए । ■

*(प्रस्तुत कथा काल्पनिक हो । - लेखक)*

## चित्त

✍ श्रा. संघरक्षित, संघाराम

बाश गर्ने बिना शरीरको गुफामा
एक्लै-एक्लै दूर-सुदूर घुमिरहने ।
उत्पन्न हुने स्वेच्छाचारी क्षण-क्षणमा
अगोचर, अत्तेरी जतातते पुगिरहने ॥१॥

अस्थिर, असंयमित चित्त छ कुमार्गमा
गर्छ हानी अधिक भन्दा शत्रुले गर्ने ।
कुशल-संयमित चित्त छ सुमार्गमा
गर्छ उपकार भन्दा बढी माता-पिताले गर्ने ॥२॥

माछा छट्पटिन्छ जसरी सुक्खा जमिनमा
चित्त छट्पताउँछ मार जंजाल चुडाउँदा ।
सद्धर्म जान्ने रमाउँछ अनाशक्त चित्तमा
सुखानुभूति हुन्छ चित्त वशमा गराउँदा ॥३॥

अनाशक्त, स्थिर र जाग्रत चित्त भई
फुटिजाने माटोको भाँडोरूपी काय सम्झी ।
नगर समान आरक्ष गरी स्वचित्तलाई
जितौं प्रज्ञारूपी शस्त्रले मारबन्धनलाई ॥४॥



Downloaded from http://www.dhamma.digital

# न्यागू नीवरण

✍ दोलेन्द्र रत्न शाक्य
चाकुपाट, यल ।

'नीवरण या तप्यंगु अर्थ ख: भिंगु ज्या खयूँ मन तयूगुलि बाधा बिइगु । थ्व शब्दया पर्यायवाचीया रूपे मेमेगु यक्को शब्दत दु, गथे कि- बाधा, बिघ्न, पंगल:, मार इत्यादि । भीत कल्याण जुइगु, भिनिगु, दु:खं मुक्त जुइगु ज्याय् बिघ्न याय्गु थ्वया स्वभाव ख: । खास याना ध्यान भावनाया न्याम्ह शत्रु धयापिं थ्व हे पञ्चनीवरण ख: । ध्यान-भावना पाखें चित्तयात राग, द्वेष व मोहया जांलं पिकया दु:खं मुक्त याय्गु कल्याणकारी ज्याय् बाधा बिया प्रगति याके मबिइगु, ध्यानया आलम्बने चित्त स्थिर याके मबिइगु व चित्त विचलित याना: राग द्वेष पाखे हे मन फहिका बिइगु नीवरणया स्वभाव धर्म ख: । व न्यागू नीवरण थथे ख:

(१) कामच्छन्द-अनुराग, लोभ-मोह, महत्वाकांक्षा, राग, ब्याकुलता ।
(२) व्यापाद-द्वेष, क्रोध, बदलाकाय्गु ।
(३) थीनमिद्ध-शारीरिक व मानसिक आलस्य
(४) उद्धच्चककुच्च-चंचलता, बेचैनी, ब्याकुलता, पश्चाताप ।
(५) विचिकिच्छा-शंका, सन्देह, स्वा मदुगु शंका

**कामच्छन्द :**

थुकिया अर्थ ख: थ:त योगु बस्तु, योम्ह व्यक्ति खनिबले, योगु शब्द ताइबले नस्वागु गन्ध वइबले, साभिं सवा काय्बले, यइपुगु स्पर्श दइबले व योगु कल्पना बुइबले थ:गु इन्द्रिय बशे काय् मफइगु, वहे बस्तु इत्यादि प्रति आसक्त जुइगु । भीत संसारे जन्म - मरणया सिखलं चिना: चा चा हुइका तैगु भिगू संयोजन मध्ये थ्व नं छगू बन्धन ख: । थ्व नीवरणयात न्यागू ध्यानाङ्ग मध्ये एकाग्रता (समाधि) ध्यानाङ्ग क्वत्यला बिइफु । सकृदागामी मार्ग फले थ्यनिबले थ्व 'कामाच्छन्द' नीवरण कमजोर जुया वनी अले अनागामी मार्गफले थ्यंका तिनि पूर्णरूपं मदया वनी ।

थ्व बिचय् उल्लेख जुया च्वंगु खुगूलिं कामच्छन्द नीवरणयात मदय्का छ्वयगुलि ब: बिई ।

(क) बस्तु व व्यक्तियाके अनित्यता खंकेगु ।
(ख) अशुभ-भावना याय्गु ।
(ग) इन्द्रिय दमन याय्गु ।
(घ) नयूगुलि मात्रा सिइकेगु ।
(ङ) भिंपिनिगु संगत याय्गु ।
(च) ख्यले दुगु जक खँ ल्हाय्गु ।

**व्यापाद :**

'व्यापाद' धैगु क्रोध हिंसा व बदलाकाय्गु द्वेष ख: । थ:त योगुलि राग उत्पन्न याइ अले थ:त मयोगुलि द्वेष बुइकिइ । थ्व हे राग द्वेषया मि निरन्तर ह्वाना ह्वाना च्याना हे संसार छगूलिं प्रज्वलित व प्रकम्पित जुया च्वंगु दु । थुकिइ नं छम्ह हाकनं मेम्ह ग्यानापुम्ह शत्रु अविद्या (अज्ञानता) प्यपुना: संसारे नाना दु:ख ब्वलंका च्वंगु दु ।

थ्व 'ब्यापाद नीवरणयात न्यागू ध्यानाङ्ग मध्ये प्रीति व सुख ध्यानाङ्गं क्वत्यले फु ।

थ्व क्वय् च्वयागु खुगूलिं 'व्यापाद' धैगु नीवरणयात मदय्का छ्वयगुलि ब: बिइ ।

(क) छुँ नं बस्तु वा व्यक्तियात मैत्रीतया स्वयूगु ।
(ख) मैत्री-भावना याय्गु ।
(ग) थ:गु कर्म हे थ:गु सम्पत्ति ख: धका भापिइगु ।
(घ) कर्म व कर्म फले ध्यान बिइगु ।
(ङ) भिंपिनिगु संगत दय्का च्वनेगु ।
(च) मात्राछि मा:गु जक खँ ल्हाय्गु ।

**थीन मिद्ध :**

'थीन' धयागु चित्तया अकर्मण्यता (चित्तं बाँलाक ज्या मयाइगु अवस्था) ख: अले 'मिद्ध' धयागु आलस्य ख: । भिंगु ख:गु ज्याय् मन झ्यातुका च्वनिगु अले मज्यूगु मभिंगुलि मन न्ह्यां वनिगु वा उजोगु अवस्थाय् मनं न्ह्याइपु तायका च्वनिगु हे थीन मिद्ध ख: । थुकियात आलस्य व तन्द्रा नं धा: । वास्यां च्वंगु मन यात सिमाय चिकंलापा यग्गाना च्वंगु, कथिइ चाकु किना: स्वालां वया च्वंगु घ्यो पायूँ चिना कुतुं वय् थाकुया च्वंगु नाप तुलना याना कना त:गु दु । थ्व नीवरणला मानसिक आलस्यता ख: । मन जागरुक व सजग मजूगु अवस्था ख: । थुकियात वीर्य (कुत:) त्याके फयेकेमा: । न्यागू ध्यानाङ्गय् वितर्क ध्यानाङ्गं थ्व नीवरणयात क्वत्यले फु



Downloaded from http://www.dhamma.digital

अले अर्हत मार्गफल प्राप्त याय् धुंका तिनि पूर्णरूपं थ्व नीवरण चिला वनी ।

थ्व क्वय् च्वयागु खुगूलिं 'थीन मिद्ध' धैगु नीवरणयात मदय्का छ्वय्गुलि ब: बिइ ।

(क) बस्तु व ब्यक्ति विषयले चिन्तन याय्गु अले अप्व मनय्गु ।

(ख) ध्यान याय् बले शारीरिक आसन हिलेगु ।

(ग) प्रकाश कसिणय् ध्यान याय्गु ।
(तेज - कसिण)

(घ) कय्कुंगु व ख्युँगु थासय् मखु खुल्लागु थासय् ध्यान याय्गु ।

(ङ) भिंपिनिगु संगत याय्गु ।

(च) ख्यले दुगु खँ जक ल्हाय्गु ।

**उद्धच्चकुकुच्च :**

थ्व नीवरणे निगू शब्द ल्वाक ज्या: । 'उद्धच्च' धैगु छचाल ब्यालगु मन ख: । चंचल जुया च्वंगु चित्त ख: । व्यवस्थित मजूगु चित्तया अवस्था ख: । 'कुकुच्च' धैगु खेद याय्गु वा पश्चाताप याय्गु ख: ।

अनैतिक व अकुशल विचारं कुत्तुकुला: ग्वतुग्वला: चित्त व्यवस्थित मजुइकिगु हे उद्धच्च ख: । थथे हे चित्त अव्यवस्थित व चंचल जुइगु अवस्थाय् हे मनुखँ अकुशल कर्म याय् लाकिगु ख: ।

पश्चाताप मनुखँ छाय् याइ ? कि मखुसा थ:म्हं मखुगु यानागु ख: उकिइ पश्चाताप याइ कि मखुसा थ:म्हं पूवंके मफुगु भिंगु ज्या: पुवंके मफुत धका: चिन्ता (खेद) याई वा पश्चाताप याइ । मखुगु कर्म याय् लाका: पश्चाताप याना छु याय् ? पश्चाताप याय्वं पापकर्मया लिच्व: फय् मालि मखु धैगु मदु । भिं कथं पश्चाताप याय्गु ख:सा उजोगु पापकर्म हाकनं हाकनं मयाय्गु ख: ।

थ्व नीवरणयात नं सुख ध्यानाङ्ग हटे याय् फु । 'उद्धच्च' यात अर्हत मार्गफले थ्यंका तिनि चिइके फइ तर 'कुकुच्च यात अनागामी मार्गफल प्राप्त जुइ धुंका हे मदय्के फइ ।

थ्व क्वय् च्वयागु खुगूलिं 'उद्धच्च कुकुच्च' धैगु नीवरणयात मदय्का छ्वय्गुलि ब: बिइ ।

(क) बहूश्रुत जुइगु वा धर्म अध्ययन व श्रवण याय्गु ।

(ख) धर्म साकच्छा याय्गु वा छलफल याय्गु ।

(ग) विनय पालन याय्गु ।

(घ) थ: स्वय् स:पिं भिक्षुपिं वा व्यक्तिपिं नाप न्यनेकने याय्गु ।

(ङ) भिंपिनिगु संगत याय्गु ।

(च) मा:गु व नं मात्राछि खँ ल्हाय्गु ।

**विचिकिच्छा :**

शंका उपशंका याय्गु, थ:गु क्षमता प्रति विश्वस्त मजुइगु, थथे याना नं जिला थें, जिं ला थ्व ज्या याना नय् फइ मखु, थथे या:गु खैला थें धका भिंगु ज्याप्रति सन्देह वा संसय याय्गु हे थ्व नीवरणया अर्थ ख: । अन्यमनस्क भावं ज्या याय्गुलि काचाक्क मन न्ह्यब्वांमवनिगु मने धौ बजी वाय्का जक च्वंकिगु थ्वया स्वभाव ख: । प्रज्ञाशून्य जुया: गथे ख: छु ख:, छाय् ख: धका मथुइगु मसिइगु अवस्था नं थुकिया अर्थ जू वं । वि-मदुगु, चिकिच्छा' - ज्ञान । थुकियात नाना विचारं प्रेरित जुया थथे ख: धका ज्वने मफया: दिक्क जुइगु धका नं अर्थ छ्याय्गु या: । भीत भवसागरय् चा चा हुइका तइगु भिगू संयोजन मध्ये थ्व विचिकिच्छा छगू नं ख: । संयोजनया रूपे बुद्ध, धर्म व संघप्रति शंका उत्पन्न याय्गु धैगु नं विचिकिच्छाया छगू अर्थ ख: ।

थ्व नीवरणयात 'विचार' ध्यानाङ्ग हटे याय् फु । 'विचार' ध्यानाङ्गं छुं छगू ज्यायात त्वमफिइक उकि हे ध्यान क्वातुका ज्या याना यंके बिइगु धैगु अर्थ क्यं । थ्वं नीवरणयात स्रोतापति मार्गफल प्राप्त जुल धायवं चिइके फइ ।

थ्व क्वय् च्वयागु खुगूलिं तिनि 'विचिकिच्छा' नीवरण मदय्के फइ ।

(क) धर्म अध्ययन व श्रवण याय्गु ।

(ख) धर्मया बारे छलफल याय्गु । न्ह्यस: तया: शंका मदय्केगु ।

(ग) विनय ध्वाथुइकेगु व पालन याय्गु ।

(घ) श्रद्धा व विश्वास (बुद्ध, धर्म व संघप्रति) ब्वलंकेगु ।

(ङ) भिंपिनिगु संगत याय्गु ।

(च) ख्यले दुगु खँ जक ल्हाय्गु ।

च्वे उल्लेख जूगु न्यागू निवरण ध्यान साधनाया शत्रु ख: । थुपिं पाखें भी बचे जुइमा: । थ्व न्यागू



Downloaded from http://www.dhamma.digital

नीवरणयात शमन याय् फ:सा तिनि चित्त एकाग्र जुइ, कुशल चित्त उत्पन्न जुइ। धयात:गु नं दु - 'पंचनीवरणानं समद्ठेन समथं'। विघ्न नाश जुल धासा तिनि समाधिलाभ जुइ।

## न्यागु नीवरण व न्यागु ध्यानाङ्ग

| ध्यानाङ्गया स्वभाव | ध्यानाङ्ग | नीवरण मदय्किगु |
|---|---|---|
| चित्तया आलम्वन पाखे वनिगु स्वभाव | वितर्क | थीनमिद्ध मदय्किइ। |
| चित्तयात आलम्वनय् क्वातुक तया तइगु स्वभाव | विचार | विचिकिच्छा मदय्किइ। |
| चित्तया आलम्वनय् प्रीति उत्पन्न याइगु स्वभाव | प्रीति | व्यापाद मदय्किइ। |
| चित्तया आलम्वनय् रस उत्पन्न याइगु स्वभाव | सुख | उद्धच्चकुकुच्च मदय्किइ। |
| चित्तया आलम्वन पाखें मन विचलित मजुइकिगु स्वभाव | एकाग्रता | कामच्छन्द मदय्किइ |

'पेटकोपदेश' धैगु सूत्रय् वर्णन जुया च्वंगु छगू सूत्र –

वितक्को थीनमिद्धस्स, विचिकिच्छाय विचारो
पीतिचापि व्यापादस्स, सुखं उद्धच्च कुकुच्चस्स।
समाधि कामच्छन्दस्स पटिपक्खो ति पेटको ॥

ध्वहे सूत्रया आधारय् च्वे बियागु ध्यानाङ्ग व नीवरणया तालिका जुल। ■

## लँपु थुईकि

✍ सुजनकीर्ति, कीर्तिपुर

जीवन झीगु मखु न्है थ्व उत्तरार्द्धं वगु सूर्य थें,
जीवन झीगु खः न्है थ्व दक्षिणार्द्धं वःगु सूर्य थें।
उत्तरार्द्ध वगु सुर्य यक्को हे स्वयेगु दु थ्व जगे,
तर, दक्षिणार्द्धं वःगु सूर्य स्वयेगु यक्को मदु थ्व जगे॥

थुईके माल झीसं थ्व स्व प्रकृतिया अनित्य बोधयात,
उत्तरार्द्धया सूर्य मखु दक्षिणार्द्धया सूर्य धकाः।
वास्ता मदुगु थ्व सूर्यं क्यनाच्वन थुजागु ज्ञानयात,
सांसारिक सुख क्षण खःथ्व पिंजडां पिहाँ वयेगु स्व धका॥

थुजागु पिंजडा सांसारिकं पिहा वयेत स्व झीसंला
भगवान बुद्धं क्यना बिज्यागु ज्ञान स्वया हे तिनिला।
शील समाधि प्रज्ञायात क्वातुके फईगु खः।
अले थ्व दुःखया पिंजडां मुक्त जुया वनीगु खः॥

## दरसन

✍ केशरत्न कंसाकार

नु नु पासा झी फुक्क जाना
तथागतया दरसन या वनेनु ॥धु॥

तथागतं ब्यूगु अहिंसा धर्म
पालन झीसं यावनेनु
झी फुक्कं जाना छप्वं जुया
त्रीरत्न वन्दना यावनेनु
नु नु पासा ... ...

वस्पोल बुद्धं आज्ञा जूगु
जातभातया भेद मदुगु
फुक्कं उत्थें समान जूगु
झीसनं हाला न्यंकः वनेनु
नु नु पासा ... ...

रीस राग दक्को चीका
सम भाव सकसिनं सीका
थः थः सकलें मिले चले जुया
जीवन झीसं भिंकः वनेनु
नु नु पासा ... ...



Downloaded from http://www.dhamma.digital

### लस एन्जल्समा बुद्ध धर्म

२०५५ मंसीर १२ गते । श्यामलाल चित्रकार ज्यूको सभापतित्वमा ज्ञानेन्द्र महर्जनबाट संचालित यसदिनको कक्षामा श्री बुद्धलक्ष्मी शाक्यज्यूबाट लस एन्जल्समा बुद्ध धर्म विषयको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो- अमेरिका जस्तो भौतिक सुख सुविधाले सम्पन्न देशमा पनि अहिले आएर मानिसहरू आध्यात्मिक शान्ति पाउनका लागि तत्पर छन् । हाल त्यहाँ विभिन्न किसिमका धर्मका साथै बुद्ध धर्मको पनि व्यापक प्रचार प्रसार हुँदैछ । अमेरीकाका ५० वटै स्टेटमा महायानी गुम्बाहरू हजारौं संख्यामा छन् । महायान सम्वन्धी शिक्षा सिकाउने, गोष्ठीहरू गर्ने, र अभ्यासहरू गर्ने कार्यहरू संचालित छन् । यस सम्वन्धी जानकारीहरू विभिन्न पत्र पत्रिका र किताब पसलहरूमा सूचना र पोष्टरहरू टाँसेर दिइराखेका छन् । हलीउडका धेरैजसो कलाकारहरू महायानी बुद्ध धर्मबाट प्रभावित छन् । प्रख्यात कलाकार स्टिभन सिगाललाई तुल्कु भन्ने पदबाट सम्मानित गरिएको छ । महायानको तन्त्रमन्त्र र चमत्कारले तिनीहरूलाई आकर्षित पारेको देखिन्छ । तिनीहरूलाई बुद्धको मौलिक शिद्धान्तको भन्दा अक्षोभ्य, पद्मसम्भव, मिलरप्पा, तारा आदि देवी देवताहरूको बारे बढि जानकारी रहेको देखिन्छ । उनीहरू दलाईलामा प्रति बढि भावभक्ति राख्छन् । सोग्याल रिम्पोछेको प्रवचन सुन्नका लागि २० सौं डलर तिरेर मानिसहरू जम्मा हुने गर्छन् । मानिसहरू मर्ने र जन्मने तरीका, मर्न लागेकाहरूलाई कस्तो ब्यवहार गर्ने, बुढाबुढीहरूलाई कसरी सेवा गर्ने सन् २००० मा यो संसारमा के हुन गइरहेको छ, कम्प्यूटरबाट यो संसारमा कस्तो परिवर्तन ल्याउने छ, आदि बारे लामा गुरूहरूबाट प्रवचन दिइन्छ । हाल त्यहाँ थेरवाद बुद्ध धर्मको पनि प्रचार प्रसार हुँदैछ । विपस्सना ध्यान केन्द्र स्थापना हुँदै जानु यसको प्रमाण हो । त्यहाँ अहिले Buddhist Communication Center को स्थापना भएको छ । जसले भिक्षु र भिक्षुणीहरूको Data Base तयार गरेर उहाँहरूको जीवनी, बुद्ध धर्म प्रचार प्रसार गर्न दिनु भएको देन, उहाँहरूको कार्य विधि बारेमा रेकर्ड राख्ने, विभिन्न विहारहरूको क्रियाकलापको रेकर्ड राख्ने, बुद्ध धर्म सम्वन्धी Cassette निकाल्ने र Interview लिने आदि कार्यहरूको शुरुवाट भैरहेको छ ।

### लुम्बिनी बौद्ध सम्मेलन र उपलब्धी

२०५५ मंसीर २६ गते । यस दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक तथा लुम्बिनी विकास कोषका भु.पू. उपाध्यक्ष भिक्षु अश्वघोष महास्थविरले गत मंसीर (१४-१६) सम्म लुम्बिनीमा सम्पन्न भएको विश्व बौद्ध शिखर सम्मेलनको सिंहावलोकनको रूपमा समिक्षा कक्षा लिनु भएको थियो ।

उहाँले विश्व बौद्ध सम्मेलनका विभिन्न उपलब्धीहरू बारे प्रकाश पार्ने क्रममा नेपाल हिन्दू राज्यको रूपमा चिनिए तापनि नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरको बौद्ध शिखर सम्मेलन लुम्बिनीमा मनाईएको कारणले बुद्ध नेपाल देशको लुम्बिनीमा जन्मनु भएको हो भनी विश्व सामु प्रमाणित गर्न सफल भएको छ भन्नु हुँदै यस सम्मेलनलाई नेपालको ऐतिहासिक महत्वको विषय बनेको कुरालाई औंल्याउनु भयो ।

उहाँले अगाडि भन्नुभयो- "बर्षौं अगाडिदेखि हुन नसकिराखेको बौद्ध वातावरण सहितको मायादेवी मन्दिरको शिलान्यास, बाटोघाटो, पुल, खानेपानी, बिजुली, सरसफाई, शौचालयको व्यवस्था आदि हाल लुम्बिनी विकास कार्यको उपलब्धी नै मान्नु पर्छ । विश्वका सामु लुम्बिनी मात्र नभई कपिलवस्तु, देवदह, रामग्राम आदि जस्ता अन्य बौद्ध स्थलको पनि परिचय दिने मौका पाइएकोले सबै बौद्धहरू संगठित हुने अवसर पनि मिलेको छ ।

### दान, धर्म र भिक्षा

२०५४ पौष ४ गते । यस दिन शान्ति सन्देश पत्रिकाका प्रधान सम्पादकज्यू श्री देवकाजी शाक्यले "दान, धर्म र भिक्षा" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- "धर्म गर्ने बेलामा सर्वप्रथम दानबाट सुरु गरिन्छ । तर दान भन्दैमा आफूलाई मन नपर्ने कुनै पनि चीज वस्तु दान दिनुलाई सच्चा दान भन्न मिल्दैन । दान लिने व्यक्तिलाई आवश्यक भइरहेको वस्तु दाताको तर्फबाट कुशल चित्त राखि दिइएको दानलाई मात्र सच्चा दान भन्न सकिन्छ । कसैको करकापमा परी दिइएको दान र अरूको अगाडि धाक जमाउनका लागि दिइएको दानलाई पनि शुद्ध धर्ममा गन्न सकिंदैन । हुनत दान कार्यलाई धर्म नै भनिन्छ तापनि शुद्ध चित्तले दिइएको दानको पुण्य र अशुद्ध, स्वार्थी चित्त मिसिएको दानको पुण्यमा फरक अवश्य हुन्छ ।" यसरी उहाँले दानको महत्व बताउनु हुँदै बुद्धकालीन विभिन्न घटनाहरू र बुद्ध हुनका लागि पुरा गर्नुपर्ने दानपारमिता, दान उपपारमिता र दान परमत्थ पारमिता बारे पनि प्रकास पार्नु भएको थियो ।

श्यामलाल चित्रकारको सभापत्विमा, ज्ञानेन्द्र महर्जनले संचालन गर्नुभएको उक्त कक्षाको रिपोर्टिङ्ग ध्रुबरत्न स्थापितले गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

### धर्मको उपादेयता

२०५५ पौष ११ गते। यस दिन श्री रत्नबहादुर बज्राचार्यले 'धर्मको उपादेयता" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो - "बुद्धले प्राप्त गर्नुभएको धर्म ज्ञान मार्ग र कल्याणकारी धर्म हो। बौद्ध धर्म हेतुवाद धर्म पनि हो। बुद्ध शिक्षा अनुसार धर्म भनेको अरूलाई हानी नपुऱ्याइकन आफ्नो जीवन विताउनु सक्नु हो। तर अरू धर्ममा भक्तिभावपूर्वक प्रार्थना र पूजा गर्ने कार्यलाई जोड दिइएको देखिन्छ।

यही कारणले गर्दा होला, बुद्ध परिनिर्वाण पछि प्रथम, संगायनामा २ वटा मत देखिन थाल्यो।

१. धर्मलाई चीरस्थायी गर्नका लागि ज्ञानलाई प्राथमिकता दिनुपर्दछ भन्ने धारणा राख्ने व्यक्तिहरूको समूहलाई थेरवादी भनियो।
२. धर्मप्रति झुकाव राख्नका लागि बाजा गाजा सहितको भक्ति र पूजा पाठ आवश्यक छ भन्ने धारणा राख्ने व्यक्तिहरूको समूहलाई महायान भनियो।

पछि आठौं शताब्दीतिर बज्रयान भनिने अर्को समूह पनि देखिन थालियो।

तर यी ३ वटै यानहरूको एउटै लक्ष निर्वाण प्राप्त गर्नु हो। तर निर्वाण प्राप्त गर्नका लागि हामीले शील, समाधी र प्रज्ञाको अभ्यास गर्न आवश्यक छ। त्यति मात्र होइन हामीले संसारको यथार्थ स्वभाव अनित्य, दुःख र अनात्मलाई राम्ररी बुझ्न सक्नु पर्दछ।

बुद्धले देखाउनु भएको धर्मको मार्ग शील समाधि प्रज्ञाले, हाम्रो कलुषित मनका राग, द्वेष र मोहलाई झिकेर फाल्न मद्दत पुऱ्याउँदछ। यसरी जसले आफ्नो दैनिक जीवनमा शील, समाधी र प्रज्ञालाई अभ्यास गर्दै लान सक्छ, उसको मनले शान्ति प्राप्त गर्न सक्छ।

अन्तमा उहाँले भन्नुभयो -"धर्मलाई चीरस्थाई राख्नका लागि हामीले आफ्नो मनलाई निश्वार्थपूर्वक समाज कल्याण कार्यहरूमा लगाउन आवश्यक छ। यस कार्यमा अहिलेका युवावर्गहरू अग्रसर हुनु आवश्यक देखिन्छ।"

यस दिन कार्यक्रमका संचालक ज्ञानेन्द्र महर्जन र रिपोर्टर रामेश्वरी महर्जन हुनुहुन्थ्यो।

### सम्यक वचन

२०५५ पौष १८ गते। यसदिन मदनरत्न मानन्धरले आर्य अष्टाङ्गिक मार्ग मध्येको एकमार्ग "सम्यक वचन" विषयमा कक्षा लिनु भएको थियो।

उहाँले भन्नुभयो - "सम्यक वचनको ठीक उल्टो अर्थ मिथ्या वचन हुन जान्छ। सम्यक वचन हुनको लागि हामीले यी ४ वटा खराब वचनहरूलाई त्यागन आवश्यक हुन्छन्। ती हुन्-

आफ्नो स्वार्थको बसमा परी अरूको शरीर, धन र यशकीर्तिमा हानी पुग्ने गरी अरूलाई

१. चुकली कुरो गर्नु।
२. झूठो कुरो गर्नु।
३. द्वेष युक्त भई कडा वचन प्रयोग गर्नु।
४. नचाहिंदा निरर्थक गफहरू गर्नु।"

उक्त दिन धर्मकीर्तिका पुराना सदस्य कीर्ति तुलाधर नेपाल जेसिजको अध्यक्ष पदमा चुनिनु भएको हुनाले पुज्य धम्मवती गुरुमांबाट उहाँलाई बधाई पनि दिनु भएको थियो। उक्त कक्षाको सञ्चालक र रिपोर्टिङ्ग ध्रुवरत्न स्थापित हुनुहुन्थ्यो।

### बौद्ध अध्ययन गोष्ठीको कार्यक्रम सम्पन्न

धर्मकीर्ति माघ ७ गते सुनाकोठी, बौद्ध जन विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यक्रम सम्पन्न भयो। भिक्षु अश्वघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनु भई शुरू भएको उक्त कार्यक्रममा बौद्ध जन विहार र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका वक्ताहरूले आ-आफ्नो मन्तव्य दिनुभएको थियो।

बौद्ध जन विहारका अध्यक्ष श्री तुलसीलाल महर्जनले स्वागत भाषणको क्रममा २०५३ सालबाट बौद्ध जन विहार स्थापना एवं निर्माण कार्य शुरू भएको विषयमा चर्चा गर्दै विहार निर्माण भईसकेपछि बुद्ध धर्म अध्ययन, गर्ने, उपदेश सुन्ने उपयुक्त ठाउँ भएको हाम्रो लागि गौरवको विषय हो भन्नुभयो। गोष्ठीका सदस्य सचिव श्री अरुण सिद्धि तुलाधरले अध्ययन गोष्ठीको परिचय दिँदै गोष्ठीका उद्देश्य अनुरूप गाउँ गाउँमा गई बुद्ध धर्म प्रचार गर्ने लक्ष्य पुरा गर्न यस सुनाकोठी बौद्ध जन विहारमा कार्यक्रम हुन गईरहेको जानकारी दिनुभयो। भिक्षु अश्वघोष महास्थविरले प्रवचन दिनु हुँदै भन्नुभयो "विहार धर्म प्रचार गर्ने र धेरै ज्ञान गुणका कुरा सिक्ने केन्द्र हो। विहारमा गई उपदेश सुनेर ज्ञानी भई आफ्नो बानी ब्यहोरा सुधार गर्न सक्नु पर्छ। रीस नगर्ने, उपदेश दिने, सामाजिक सेवामा काम गर्ने र धर्म प्रचारको लागि पत्र पत्रिका एवं किताव प्रकाशन गर्ने आदि कार्यहरू बौद्ध चरित्र हुन्। आफ्नो बानी ब्यहोरामा अरूभन्दा भिन्नता ल्याएर विवेक बुद्धिले आफ्नो र अरूको भलो हुने काम गर्न सक्नु नै विहारमा गएको राम्रो चिन्ह हो भन्नु हुँदै यस सुनाकोठीका उपासक उपासिकाहरूले धेरै मेहनत गरी बौद्ध जन विहार बनाएकोमा धन्यवाद दिनु भयो। कुशुम गुरुमांले प्रवचन दिनु हुँदै भन्नुभयो- "हामीले हरेक पाइला - पाइलामा अध्ययन गर्दै अझ धेरै कुरा सिक्न बाँकी छन्। हामीमा शैद्धान्तिक ज्ञान भएर मात्र पुग्दैन, हाम्रो आचरण शुद्ध पार्न व्यवहारिक ज्ञान पनि आवश्यक छ। उन्नती र प्रगतीको लागि एक अर्काप्रति सहयोग र मेहनतको आवश्यक छ।"


Downloaded from http://www.dhamma.digital

उक्त कार्यक्रममा बौद्ध जन विहारका सल्लाहकार श्री सुरेन शाक्य र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य श्री मदनरत्न मानन्धरले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो भने गोष्ठीका सहकोषाध्यक्ष सुश्री तारा डंगालले "दुःख वईगु लँपु" नामको लेख पढेर सुनाउनु भयो । कार्यक्रम सफलता पूर्वक सम्पन्न भएकोले सहयोगीहरू सबैलाई गोष्ठीका उपाध्यक्ष श्री अगम्यरत्न कंसाकारले धन्यवाद दिनुभयो ।

उक्त कार्यक्रमको संचालक श्री ज्ञानेन्द्र महर्जन र रिपोर्टर चिनिकाजी शाक्य हुनुहुन्थ्यो । ■

# धर्म प्रचार — समाचार

### शोक सभा

२०५५ पौष पूर्णिमा, स्थान: शाक्य मुनि विहार, टक्सार भोजपुर । श्रद्धेय थापा आजु देवराज शाक्य (वर्ष ८३) र श्रद्धेय आजु मेघराज शाक्य (वर्ष ७७) को क्रमश: २०५५ पौष २ र ३ गते स्वर्गारोहण भएको हुँदा उहाँहरूको गुणानुस्मरण गरी सप्ताहव्यापी परित्राण पाठ गरिएको समाचार छ । उक्त अवसरमा उपासक देवराज शाक्यले स्वर्गीय आजुहरूको व्यक्तित्त्व र परित्राण पाठको महत्त्व बारे विस्तृत व्याख्या गर्नुहुँदै गहिरो शोक प्रकट गर्नु भएको थियो । सोही अवसरमा उपासक हिरालाल शाक्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । अन्तमा स्वर्गीय आजुहरूको पुण्य स्मृतिमा एक मिनेट मौन धारण गरी पुण्यानुमोदन गरिएको थियो ।

### २५४३ औं आयु संस्कार परित्याग दिवस

२०५५ माघ १७ गते । शान्तिया महानायक तथागत बुद्धं आयु संस्कार परित्याग याना बिज्या:गु दिं व बुद्धया जीवनी नाप यक्व स्वापू दुगु जूगुलिं सिपुन्हि खुनु नगदेश बुद्ध विहारे नगदेश बौद्ध समूहया ग्वसाले बुद्ध पूजा याना बुद्धमूर्ति खते तया धिमे बाजा नाप ज्ञानमाला भजन खल:, नगदेशया पासापिं व बौद्ध उपासक उपा-सिकापिं जाना नगदेश परिक्रमा या:गु समाचार दु । प्राप्त समाचार अनुसार सिपुन्ही खुन्हु जूगु बुद्ध पूजाय् भिक्षु वरसम्वोधीजुं पञ्चशील प्रार्थना याका बिज्याना आयु संस्कार दिवसया बारे उपदेश नं याना बिज्यात । उगु कार्यक्रमे नगदेश बौद्ध समूहपाखें आयु संस्कार सम्बन्धी पर्चा इनेगु ज्या नं जुल ।

नगदेश बौद्ध समूहया छ्याञ्जे भाजु कृष्णकुमार प्रजापतिंजु २५४३ औं आयु संस्कार परित्याग दिवस हनेगुया नापं बुद्धं थ्वहे सिपुन्ही (माघ पुन्ही) खुन्हु सारिपुत्र व मौद्गल्यायनपिन्त अग्रश्रावक व महाश्रावक पदवि बिया बिज्या:गु दिं नं सिपुन्ही खुनु हे जूगुलिं बुद्ध जीवनी नाप पुन्हीया मू गुलि दु धयागु बारे खँ कना: सिंपुन्ही, स्वाँयापुन्ही, असारपुन्ही आदि पुन्हीया महत्त्व बारे नवानादिल । ■

### दुर्लभ प्रब्रज्या

२०५५ माघ ७-१३ गतेसम्म । स्थान : श्री सिद्धि मंगल बुद्ध विहार ।

संघ नायक भिक्षु अनिरुद्ध महास्थविरको उपाध्यायत्त्वमा, श्री सिद्धि मंगल बुद्ध विहारको आयोजनामा, सिद्धिपुर ठसिका १० जवान कुलपुत्रहरूलाई दुर्लभ प्रब्रज्या गरिएको समाचार छ ।

यही माघ १३ गते सम्पन्न भएको उक्त कार्यक्रमको समापन समारोहमा भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुभएको थियो । त्यस्तै ललितपुरका पूर्व सांसद सिद्धिलाल सिंह र मेयर बुद्धिराज बज्राचार्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । मेयर बुद्धिराज बज्राचार्यले उक्त विहारलाई यथासक्य सहयोग पुऱ्याउने वचन दिनु हुँदै भन्नुभएको थियो – "नेपालका विभिन्न जिल्लाहरूमा स्थापित विहारहरूमा भिक्षुहरू बसोबास गरी धर्म प्रचार गर्न सकेको खण्डमा बुद्ध शिक्षालाई अझ प्रभावकारी रूपमा प्रचार प्रसार गर्न सकिने र ती विहारहरूको शोभा अझ बढने छ ।"

सो समारोहमा विभिन्न उपासकोपासिकाहरूले यथासक्य सहयोग उपलब्ध गराएका थिए । सिद्धिपुर वडा नं १ येंगल निवासी लाल गोविन्द महर्जनले जलपान र भोजनको व्यवस्था गर्नुभएको थियो भने वडा नं १ का महेन्द्र महर्जनको तर्फबाट पनि चामल र च्यूराको लागि रू. ५००/- चन्दा प्रदान गरिएको थियो । वडा नं ६ का पूर्णबहादुर महर्जनको तर्फबाट रू ५००/- र वडा नं ४ का विमा महर्जनको तर्फबाट जलपान सहयोग प्राप्त भएको थियो ।

उक्त कार्यक्रममा बुद्धिबहादुर महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

### आयु संस्कार परित्याग दिवस

२०५५ माघ १७ गते । भगवान् गौतम बुद्धको आयु संस्कार परित्याग दिवसको उपलक्ष्यमा बुद्धमूर्ति सहितको एक शोभा यात्रा सम्पन्न भएको छ । भगवान् बुद्ध आयु संस्कार परित्याग दिवस समारोह समिति, काठमाडौंको आयोजनामा आयोजित उक्त शोभा यात्रा नयाँ सडक पिपलबोटबाट व्याण्डबाजा सहित शुरू गरी रणमुक्तेश्वर, ओमबहाल, यंगाल, लगन, जुद्ध शालिक हुँदै गण महाविहारमा विसर्जन गरिएको थियो । बुद्ध परिनिर्वाण हुनु ३ महिना अगाडि माघ पूर्णिमाको



Downloaded from http://www.dhamma.digital

दिन आयु संस्कार परित्याग गरी परिनिर्वाणको घोषणा गरेको दिनको सम्झनामा बर्षैपिच्छे आयु संस्कार परित्याग दिवस मनाउँदै आइरहेको छ ।

शोभा यात्रा शुरु हुनु अगाडि श्रीमती सत्यदेवी शाक्यको तर्फबाट भिक्षु एवं भिक्षुणीहरू लगायत कार्यक्रममा भाग लिने सहभागीहरूलाई गण महाविहारमा भोजन गराइएको थियो ।

## बुद्ध पूजा

२०५५ मौष १८ गते, स्थान - सुगतपुर विहार त्रिशुली । यसदिन प्रणिधिपूर्ण विहारबाट आउनु भएका श्रामणेर सुख, मुदिता गुरुमाँ र उपासक उपासिकाहरू गरी जम्मा ६२ जवान र स्थानिय उपासक उपासिकाहरू समेतको समूहबाट भव्यरूपमा बुद्ध पूजा सम्पन्न भएको समाचार छ ।

शील प्रार्थना, बुद्ध, धर्म र संघ गुणानुस्मरण पछि बूद्ध पूजा सम्पन्न गरिएको उक्त कार्यक्रममा श्रामणेर सुखबाट दशपारमिता, चतुआर्यसत्यलाई बोध गरी जीवन सुखमय बनाई मोक्ष मार्गमा लाग्नु पर्ने विषयमा धर्मदेशना गर्नुभएको थियो ।

सुगत बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्यले स्वागत मन्तब्य दिनुहुँदै बुद्धले बहुजन हिताय बहुजन सुखायको लागि गरिएको धर्म प्रचारको लक्ष्यलाई प्रकाश पार्नुभयो ।

मुदिता गुरुमाँले बलम्बुवासीहरूको तर्फबाट धन्यवाद दिनुहुँदै बुद्धले देखाउनु भएको सत मार्गमा लाग्न सकेमा मात्र हाम्रो जीवन सुखमय हुन सक्ने बिचार प्रकट गर्नुभयो । उहाँले सुगतपुर विहारको अक्षय कोषमा बलम्बु विहारको तर्फबाट नगद रू ५००/- र विहारमा प्रयोग गर्नका लागि ठूलो बाटा एउटा पनि प्रदान गर्नुभएको थियो ।

यसरी नै बलम्बु विहारका उपासक उपासिकाहरू श्रामणेर सुख र मुदीता गुरुमां सहित जम्मा २७ जवान व्यक्तिहरू सुगतपुर विहारको आजीवन सदस्य हुनु भएका थिए । सो टोलीलाई भोजनको प्रबन्ध मिलाउने दाताहरू तेजबहादुर शाक्य र सुगत बौद्ध मण्डल थिए । उक्त कार्यक्रमको संचालक रत्नकाजी बज्राचार्य हुनुहुन्थ्यो ।

## स्वास्थ्य क्लिनिक उद्घाटन

स्थान: सुलक्षण कीर्ति विहार, चोभार । २०५५ माघ १८ गते सोमवार । सुलक्षण कीर्ति विहारको आयोजनामा आयोजित एक विशेष समारोहमा धम्मवती गुरुमांले स्वास्थ्य क्लिनिकको उद्घाटन गर्नुभएको थियो । भिक्षु अश्वघोष लगायत कार्यक्रममा उपस्थित उपासकोपासिकाहरूको तर्फबाट पञ्चशील प्रार्थना पछि शुरू गरिएको उक्त कार्यक्रममा बुद्ध पूजा, ज्ञानमाला भजन र धार्मिक नृत्य पनि प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा दुई जवान ऋषिनी बालीकाहरूलाई प्रव्रज्या गरिएको थियो । प्रवज्या कार्यक्रम पछि भिक्षु एवं भिक्षुणीहरूको भिक्षाटन कार्यक्रम पनि संचालन गरिएको थियो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा भिक्षु अश्वघोषले बुद्ध शिक्षामा आधारित स्वास्थ्य शिक्षाबारे धर्म देशना गर्नु हुँदै निरोगी बन्नका लागि सरसफाई, उचित मात्रामा आहार सेवन, उचित औषधीमूलो र पथपहरेजको आवश्यकताको साथसाथै आवश्यक शारीरिक ब्यायामहरूको महत्त्वबारे प्रकाश पार्नु भएको थियो ।

प्रव्रजित (त्यागी) जीवनको महत्त्वबारे प्रकाश पार्नु हुँदै धम्मवती गुरुमांले भन्नुभयो- "बुद्ध शासनमा त्यागी बनी त्यागी वस्त्र पहिरनुको मुख्य उद्देश्य नै सांसारिक दु:खबाट मुक्त भई निर्वाण (निर्दोषी जीवन) प्राप्त गर्नका लागि हो । त्यागीहरू आफ्नो चित्तलाई संयमित बनाई नराम्रो काम गर्नका लागि डराउने र लजाउने स्वभाव हुनु आवश्यक छ ।

पांगा गाउँ निवासी कृष्णबहादुर महर्जनले पनि सुलक्षण कीर्ति विहारमा स्वास्थ्य क्लिनिक खोल्न पाउनुमा हर्ष प्रकट गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा अनोजा गुरुमांले कार्यक्रम संचालन गर्नका लागि आवश्यक सहयोग गर्नुहुने सबै महानुभावहरूलाई धन्यवाद दिनुहुँदै नव उद्घाटित स्वास्थ्य क्लिनिकले बढि भन्दा बढि रोगीहरूको लागि नि:शुल्क सेवा पुऱ्याउन सकोस् भन्ने शुभेच्छा पनि ब्यक्त गर्नुभयो । स्मरणीय छ हाल उक्त स्वास्थ्य क्लिनिकमा, बाल रोग, स्त्री रोग र सामान्य रोगहरूको परिक्षण गर्ने व्यवस्था मिलाइ सकिएको छ । अन्तमा श्री भिमबहादुर श्रेष्ठले सुलक्षण कीर्ति विहार निर्माण बारे बोल्नु भएको थियो ।

## नयाँ कार्यकारणी समिति गठन

यही २०५५/७/१० गते विराटनगर । यस युवा बौद्ध संघको अध्यक्ष श्री मोहनकृष्ण ताम्राकारको अध्यक्षतामा यसरी नयाँ कार्यकारणी समिति गठन गरिएको समाचार छ ।

१. अध्यक्ष श्री मोहन कृष्ण ताम्राकार
२. उपाध्यक्ष श्री महेश ताम्राकार
३. सचिव श्री सुजन प्रधान
४. उपसचिव श्री विश्व शाक्य
५. कोषाध्यक्ष श्री राजु ताम्राकार
६. सदस्यहरू
   क) श्री सुरेश ताम्राकार
   ख) श्री भरत वैद्य
   ग) श्री मनोज ताम्राकार
   घ) श्री दिपेन्द्र अमात्य
   ङ) श्री अमित ताम्राकार
   च) सुश्री सुजाता प्रधान ■



Downloaded from http://www.dhamma.digital

**छलफल**

✍ मेघदूत

# इदं वो र इदं नोमा के फरक छ ?

आज त थुप्रै संख्यामा नयाँ नयाँ अनुहारहरूको उपस्थिती देखियो नि । यो त खुशीलाग्दो कुरो हो । अझ हौसला बढेको कुरो त आज सबै सदस्यहरू समयमै उपस्थित हुनु भएको देखियो । नेपाली टाइम भनेर खिस्याउने मौका नै दिएन आजको कार्यक्रमले ।

अस्ति ललितपुर उपमहानगरको आयोजनामा अक्षेश्वर विहारमा आयोजित स्वागत समारोहमा सहभागीहरूलाई दिउँसो २ बजे जोलाइएको थियो । तर ४ बजिसकेपछि मात्र बल्ल कार्यक्रम शुरू भयो । के गर्नु प्रमुख अतिथिज्यू नै आइपुग्नु भएन ।

आयोजकको तर्फबाट एकजनाले बोल्नुभयो – 'अर्काको त्रासो लिने बानीलाई छाडौं । हामीले हाम्रो कार्यक्रमलाई ठीक समयमा शुरू गर्ने तर्फ लाग्नु परेको छ । अनि मात्र यो नेपाली समय भन्ने संस्कारलाई हटाउन सकिनेछ ।

नयाँ सदस्य एकजनाले प्रश्न उठायो– 'मैले कतिपय विहारको कार्यक्रमहरूमा भाग लिइसकें । तर कुनै विहारमा कार्यक्रम सकिने वित्तिकै पुण्यानुमोदन गर्ने बेलामा "इदं वो ञातिनं होतु" भनेर पढ्ने गरिन्छ भने कुनै विहारमा इदं नो ञातिनं होतु भनेर पढ्ने गरिन्छ । त्यसैले मलाई यस विषयमा अन्यौल भइराखेको छ । कुन चाहिं ठीक र कुन चाहिं बेठीक, दुइटैमा के फरक छ ? यसबारे जान्न पाए मेरो भ्रम निवारण हुने थियो ।"

उत्तर आयो– "यी दुवै वाक्यहरू शुद्ध छन् । तर अर्थ अलि भिन्न छ ।" इदं वो ञातिनं होतु" भन्ने वाक्यले तिमीहरूको र अरूहरूको ज्ञातीवन्धुहरू भन्ने जनाउँछ । तर "इदं नो ञातीनं होतु" भन्ने वाक्यले आफ्नो या हाम्रो ज्ञातीवन्धुहरू भन्ने अर्थ जनाउँछ । यसरी "इदं वो" ले अरूहरूको हीत गर्न खोज्ने चित्तलाई प्रस्तुत गर्छ भन्ने "इदं नो" ले आफ्नो ज्ञातीवन्धुहरूको मात्र हीत गर्ने अर्थ जनाउने गर्छ । त्यसैले हामीले धेरै जवान मानिसहरूको उपस्थितीमा "इदं वो ञातिनं होतु" भनेर पढ्नु ठीक देखिन्छ । यसरी दुबै तरीकाले पढ्ने बेलामा वाक्यहरू शुद्ध भए तापनि अर्थ भने फरक फरक देखिन्छ । सबैले जानीराख्नु पर्ने नै विषय हो यो । धन्यवाद छ तपाईलाई यस्तो कामलाग्दो प्रश्न उठाउनु भएकोमा ।

अर्को एकजना ललितपुरका सदस्यले प्रश्न उठाउनु भयो– "सँस्कृती र धर्ममा के कस्तो फरक रहेको छ ? बुझ्न पाए हुन्थ्यो ।"

उत्तर आयो –"यो पनि राम्रै प्रश्न हो । साधारण अर्थमा धर्म पनि सँस्कृतिकै अंग हुन आउँछ । तर आजभोली सँस्कृति भनेको पुराना परम्परागत वस्तुहरू चालचलन तथा पूजाविधीहरूलाई यथावत कायम राखी संरक्षण गर्ने कार्यलाई मान्यता दिने भन्ने बुझिन्छ । वास्तवमा सँस्कृतिको अर्थ त्यो होइन । स्वरुपलाई सुधार गर्दै लैजाने, उन्नति गर्ने, शिक्षित हुनेलाई सँस्कृति भनिन्छ । बुद्ध शिक्षाले परम्परागत रीतिथिति र सँस्कार पद्धतिलाई मात्र मान्यता दिदैन । बुद्ध शिक्षाअनुसार मानिसको राम्रो चरित्र र निश्वार्थ भावनालाई राम्रो सँस्कृति मानिन्छ । बुद्ध स्वयं कट्टर परम्परावादी हुनुहुन्न । उहाँ त सुधारवादी प्रवृत्तिको हुनुहुन्छ ।

तर धेरै जसो नेपालीहरूको विश्वास पुरानो परम्परा र पुराना चीज वस्तुहरूको जगेर्नामा मात्र सीमित रहेकोले होला ललितपुरका बज्रयानी प्रेमीहरूले भिक्षुहरूको तर्फबाट प्रचार भैरहेको थेरवाद बुद्ध धर्मलाई आयातित धर्म मानी प्रचार गरिरहेका छन् । यो गलत सँस्कृतिको लक्षण हो ।

अर्का एकजना सदस्यले प्रश्न उठायो – "प्रज्ञा भनेको के होला ? यसको वास्तविक अर्थ जान्न पाए हुन्थ्यो ।"

उत्तर – "प्रज्ञाको अर्थ शुद्ध विवेक बुद्धि हो । यसमा सम्यक दृष्टि (ठीक तरिकाले बुझ्न सक्ने क्षमता) र सम्यक संकल्प । ठीक तरिकाले सोच्न सक्ने क्षमता पनि समाविष्ट हुनु पर्छ । ठीक समझदारी भएको व्यक्तिले मात्र दुःखको यथार्थ कारण पत्ता लगाउने प्रयत्न गरी कारण पत्ता लागेपछि समस्या समाधान गर्ने तर्फ कोशिस गर्छ । जब आफूमा संसारको यथार्थ स्वभाव अनित्य, दुःख र अनात्म बोध हुन्छ, तब प्रज्ञाको उदय हुन्छ । प्रज्ञा विना कुनै विषयमा पनि यथार्थ बोध हुन सक्दैन ।

अर्का नयाँ सदस्यले फेरि प्रश्न उठायो– "आजभोलीका मानिसहरूको उत्ताउला, उच्छृङ्खल र विलाषी जीवन देखेर त वाक्क भइसक्यो । यसले गरेर जीवन धाउन नै मुश्किल परिसक्यो । यस्ता सुख सुविधा भोगी जीवनबाट मुक्ति पाउने केही उपाय छ कि ?

उत्तर आउन थाल्यो – प्रश्न त निकै समसामयिक र कामलाग्दो गर्नुभयो नि । तर यसको उत्तर दिन भने त्यति सजिलो छैन । सैद्धान्तिक रूपमा उत्तर दिने हो भने यस समस्या समाधान गर्नका लागि बुद्धले देखाउनु भएको मध्यम मार्गलाई अपनाउन सक्नु नै राम्रो हुनेछ । प्रश्न उठ्न सक्छ के हो त मध्यम मार्ग भनेको भनेर । सुविधा र विलासिता युक्त जीवनलाई पनि त्यागी, अति गरीवी कष्टपूर्ण जीवन । (पेटभरी पनि खान नपाउने जीवन ।) बाट मुक्त भई मध्यम वर्गीय जीवन बिताउनु सक्नुलाई मध्यम मार्ग भन्न सकिन्छ । तर आजभोली पैसाले पैसा तान्ने मनोवृत्ति भएका मानिसहरूको माझ यस विषयमा सोच्नेसम्म पनि फुर्सद देखिंदैन ।

विलासी जीवनलाई त्याग्नका लागि त आधुनिक विलासी सामानहरूको आयात नै बन्द गर्नुपर्ने देखिन्छ । महंगी नियन्त्रण गरी वातावरणलाई नै परिवर्तन गर्नुपर्ने देखिन्छ ।

गौतम बुद्धले भन्नुभएको पनि छ – "मानिस जन्मिंदा पवित्र स्वच्छ र निर्मल चित्त लिएर जन्मिन्छ । तर बाहिरी अपवित्र वातावरणले उसको निर्मल मनलाई विस्तारै धमिलो बनाइदिन्छ ।

"पभस्सरमिदं भिक्खवे चित्तं तं च आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिट्ठं । – *(अंगुत्तर निकाय)*

त्यसैले मेरो विचारमा त विलासी वस्तुको अनावश्यक उत्पादन रोकी विलासी जीवनबाट टाढा रहन सकियो भने मात्र समस्या समाधान हुने देखिन्छ ।

लौत आजलाई यत्तिकैमा छलफल टुंग्याउन पर्ला । अरू विषय बारे पछि छलफल गर्दै गरौंला । आज त थुप्रै विषयमा छलफल भई थुप्रै भ्रमहरू निवारण भएको जस्तो लाग्यो । पछि पनि यसरी नै ठीक समयमा हामी सबै उपस्थित हुने कोशिस गरौं ।

फेरि भेटौंला ॥

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

सम्पादकीय

# मूर्खहरूको सँस्कृति

सबै राष्ट्रहरूमा आ-आफ्ना सँस्कृति अनुसार चाडपर्वहरू मनाइने गरिन्छ। यसरी मनाइने थिति-रीतिहरूलाई सँस्कृतिको रूपमा मान्यता दिने चलन छ। तर सँस्कृति भन्दैमा समाजलाई नै अप्ठेरो पार्ने र अपमानित हुनुपर्ने खालका थिति-रीतिहरूलाई पनि मान्नैपर्छ भन्ने केही बाध्यता छ त ? सँस्कृतिको सही अर्थ त सभ्य समाज र शिष्ट चलन हो। यति मात्र होइन, समयानुसार बदल्दै लानसक्ने थिति-रीति र स्वभावलाई पनि सँस्कृति भनिन्छ। तर, नेपालमा आजको युगलाई नसुहाउने खालका र साधारण जन-जीवनलाई हानी पुऱ्याउने खालका दुईवटा चाडलाई सँस्कृतिको नाम दिंदै मनाइरहेको देखिन्छ। ती हुन्- होली र शिवरात्री।

शिवरात्रीको दिन त कोही उपद्रऱ्याहा ब्यक्तिहरूले अरूहरूको घरको दैलो, दलिन, खापा र मोटरका टायर आदि चोरेर भए पनि अग्नि देवतालाई पूजागरी नक्कली धार्मिक बन्दै आफ्नो सँस्कृतिलाई रक्षा गरिरहेको देखिन्छ। त्यस्तै बाटोमा डोरीले बाँधी बाटो छेकी बटुवाहरूसँग "जगात" माग्दै दिन भरि दुःख दिइरहने यो कस्तो सँस्कृति हो ?

अर्को पर्व हो "होली"। हुन त यो सँस्कृति बुद्धको समयमा पनि चल्दैआएको पर्व थियो। त्यसैले बुद्धले यस सँस्कृतिलाई "मूर्खहरूको उत्सव" भनी नामाकरण गरेको कुरा पालि साहित्यमा नै उल्लेख भएको छ। बुद्धको समयमा सात दिनसम्म उपद्रऱ्याहा मानिसहरूले आ-आफ्नो अनुहारमा र सारा शरीरमा गोबर, कालो रङ्ग र खरानी आदि दलेर फोहर गीतहरू गाउँदै घरको दैलो दैलोमा घुम्दै गाली दिँदै रमाइलो मान्ने गर्दा रहेछन्। लाज-शर्म भनेको नमान्ने ती अशिष्ट ब्यक्तिहरूले गौतम बुद्धलाई समेत पनि गाली गर्दै रङ्ग खेल्ने गरेको हुनाले सभ्य र शिक्षित दाताहरूले भगवान् बुद्ध प्रमुख भिक्षुहरूलाई सात दिनसम्मको लागि नै विहारमा खाद्यसामग्रीहरू पुऱ्याइदिने गर्दथे।

सातदिन पछि अर्थात् होली पर्व सिध्याएपछि बुद्ध धर्मावलम्बीहरूले भगवान् बुद्ध र भिक्षुहरूलाई आफ्नो घरमा निमन्त्रणा गरी भन्ने गर्थे - तथागत शास्ता। यो होलीको सात दिन त बाहिर जान नपाउने हुनाले साऱ्है कष्टपूर्ण तरिकाले बितायौं। त्यसैले तपाइहरूलाई पनि विहारबाट बाहिर ननिस्कन अनुरोध गरी सात दिनसम्म विहारमा नै भोजनको ब्यवस्था मिलाएका हौं।

अनि भगवान् बुद्धले भन्नुभयो- "मूर्ख र अशिक्षितहरूको काम र सँस्कृति यस्तै हुने गर्छ।"

बुद्धकालीन समयमा मात्र होइन, नेपालमा आज भोलि पनि कहीं कहीं त होली शुरू हुने दुई हप्ता पहिले देखि नै मानिसहरू बेलुनमा फोहर पानी भरी बटुवाहरूलाई हान्दै आनन्द लिने गर्छन्। साऱ्है अशोभनीय सँस्कृति हो यो। यस्तो घृणित सँस्कृतिलाई सरकारले निगरानी राखी नियन्त्रण गर्न सके यस अश्लील सँस्कृतिबाट पीडित जनताले सन्तोषको स्वास फेर्न सक्नेछन्। र यस्तो होलीको असभ्य कार्यबाट सृजना भएको प्रदूषित वातावरण हट्न गई सबैको भलो नै हुने थियो। सबैको भलो गर्नुनै धार्मिक कार्य होइन र ?

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्युरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८
Downloaded from http://www.dhamma.digital